राष्ट्रिय विपद जोखिम न्यूनीकरण नीति तथा कार्य योजना

(पूर्वाधार विषयगत समूह)

# आवास तथा शहरी विकास, यातायात, सिंचाई, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा, पर्यटन तथा नागरिक उड्डयन

अजय चन्द्र लाल

उप(प्राध्यापक, त्रि.वि.वि., ई.अ.सं.

परामर्शदाता, डिपिनेट

## Contents

१. परिचय (Introduction) ........ 3

२. पूर्वाधार विषयगत समूहको औचित्य (Rationale) ........ 5

४. अध्ययन विधि (Methodology) ........ 10

५. कमिकमजोरीहरु (Gaps) ........ 11

६. विपद् जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय नीतिहरू (पूर्वाधार समूह) ........ 17

७. रणनीतिक कार्ययोजना (Strategic Action Plan) ........ 20

८. पूर्वाधार विषयगत रणनीतिक कार्ययोजनाका लागि वित्तपोषण (Financing Strategic Action Plan of Infrastructure theme) ........ 37

९. अनुगमन, मूल्याङ्कन, समिक्षा एवम् सुधार (Monitoring, Evaluation, Review and Revision) ... 37

१०. निष्कर्ष ........ 38

## १. परिचय (Introduction)

तुलनात्मक रुपमा कान्छो एवम् परिवर्तनोन्मुख रहेको पर्वत शृंखलाको अद्वितीय भौगोलिक, जलीय एवम् मौसमी अवस्थितिका कारण नेपाल वर्षेनी असंख्य प्रकोपहरूको चपेटामा पर्ने गरेकोछ। कठिन एवम् कमजोर भौगोलिक संरचना, अति उच्च चोटीहरू, अधिक भिरालोपन, जटिल भूगर्भ, परिवर्तनीय जलवायु परिस्थिति, सक्रिय तेक्टोनिक प्रक्रियाहरू, अव्यवस्थित बस्तीबिकास, बढ्दो जनसंख्या, कमजोर आर्थिक स्थिति, न्यून साक्षरता दर लगायतले गर्दा नेपालले प्राकृतिक विपद्का कारण ठुलो आर्थिक एवम् मानवीय क्षतिहरूको सामना गर्दै आएकोछ। मौसमी चरमपन एवम् जलवायू परिवर्तनजन्य विपद्का कारण प्रकोपहरूप्रतिको नेपालको सम्मुखता अझ विकराल बनेकोछ। यसका अतिरिक्त नेपालमा प्राकृतिक विपद्को सामना गर्ने सवालमा संसाधनको कठिनाई, खराब पहुँच, विपद् जोखिम न्यूनीकरणमा कार्यरत संस्थाहरूबीचको कमजोर समन्वय, प्राविधिक क्षमता एवम् ज्ञानको अपर्याप्तता, आधुनिक प्रविधिको अभाव, कमजोर शासन आदि जस्ता उल्लेखनीय बाधाव्यवधानहरू विद्यमान छन्। आफ्नो विशिष्ट भौतिक संरचना एवम् समाजिक(आर्थिक परिवेशले गर्दा विपद्को दृष्टिले नेपाल विश्वको २०औं अति संवेदनशील मूलुकको रुपमा रहेकोछ। जलवायू परिवर्तनजन्य प्रकोप, भूकम्प एवम् बाढीको दृष्टिले विश्वका १९८ वटा देशहरूमध्ये तुलनात्मक संकटासन्नताको सूचीमा नेपाल क्रमशः चौथो, ११औं र ३०औं स्थानमा रहेकोछ।

नेपालले थुप्रै खालका ठूला र तीव्र प्राकृतिक प्रकोपहरूको सामना गर्दै आएकोछ। गृह मन्त्रालयको अभिलेख अनुसार नेपालले हिमपहिरो, शितलहर, खडेरी, भूकम्प, माहामारी, आगलागी, बाढी, ठण्डी, असिना, लू, पहिरो, भारी वर्षा (मानसून), हिमपात, आँधी, आँधी तूफान र हुरीबतास जस्ता एक दर्जनभन्दा बढी प्रकारका विपद्हरू भोग्दै आएको छ। गृह मन्त्रालयद्वारा संकलित विगत ४५ वर्षे अवधि (सन् १९७१(२०१५)को सक्रिय तथ्यांक अनुसार उक्त अवधिभर २२,३७२ भन्दा बढी विपद्का घटनाहरू घटेका छन् जसमा ४०,००० भन्दा बढी व्यक्तिको ज्यान गएको छ भने १३ लाख घरहरू ध्वस्त भएका छन् (तालिका १)। नेपालले वर्षेनी करिब ५०० वटा विपद्का घटनाहरू भोग्ने गरेको छ। सबैभन्दा पुनरावृति हुने प्रकोपमा आगलागी रहेको छ। आगलागीका घटना ७१८७ पटक, बाढी ३७२० पटक, माहामारी ३४४८ पटक र पहिरो ३०१२ पटक घटेको अभिलेखमा पाइन्छ।

भूकम्प छिटोछिटो दोहोरिने खालको प्रकोप नभए पनि अकल्पनीय आर्थिक एवम् मानवीय क्षति निम्त्याउन सक्ने सबैभन्दा विनाशकारी र त्रासदीपूर्ण प्रकोपको रुपमा रहेको छ जसको कारणले मानवीय संकट समेतको अवस्था आउन सक्छ। सन् २०१५ मा गएको गोरखा भूकम्पमा मात्र ८,९८८ जनाको ज्यान गएको थियो भने करिब २२,३०० जना घाइते भएका थिए। उक्त भूकम्पका कारण आठ लाख भन्दा बढी घरहरू, बिद्यालय भवनहरू एवम् सम्पदास्थलहरु क्षतिग्रस्त वा ध्वस्त भएको थियो तथा देशभरका करिब एक तिहाई जनताको जीवन प्रभावित भएको थियो (तालिका २)। सन् १९३४

जनवरीको भूकम्प २०औं शताब्दीको सबैभन्दा विनाशकारी भूकम्पको रुपमा रहेको छ जसमा ८,५१९ जना मारिएका थिए भने २०७,७४० वटा संरचनाहरू क्षतिग्रस्त भएका थिए (च्बलब, ज्ञढघद्ध)। सन् १९८० को बझांग भूकम्प र सन् १९८८मा पूर्वी नेपालमा गएको भूकम्पमा पनि सैयौं व्यक्तिहरू हताहत भएका थिए भने थुप्रै महत्वपूर्ण पूर्वाधारहरूमा क्षति पुगेको थियो।

तालिका १ : नेपालका मुख्य विपद्हरू र तिनका कारण भएको क्षति र नोक्सानी (सन् १९७१(२०१५)

| विपद्को प्रकार | मृत व्यक्तिको संख्या | बेपत्ता व्यक्तिको संख्या | घाइते व्यक्तिको संख्य | क्षतिग्रस्त वा नष्ट घरहरूको संख्या | प्रभावित परिवारहरूको संख्या | घटनाहरूको संख्या |
|---|---|---|---|---|---|---|
| माहामारी | १६५६४ | - | ४३०७६ | - | ५१२९७० | ३४४८ |
| भूकम्प | ९७७१ | - | २९१४२ | ९८२८५५ | ८९०९९५ | १७५ |
| पहिरा | ४८३२ | १६५ | १७२७ | ३२८१९ | ५५६७७४ | ३०१२ |
| बाढी | ४३४४ | ६ | ५२७ | २१५४२७ | ३७०२९४२ | ३७२० |
| आगलागी | १५४१ | | १३७९ | ९५२ | २५६४४५ | ७१८७ |
| चट्याङ | १५०२ | १२९ | २४४४ | | ६८८० | १५०५ |
| शितलहर | ५१५ | | ८३ | | २३९३ | ३९० |
| हिमआँधी | ८७ | ७ | | | | ५ |
| हिमपहिरो | १६ | ३ | ७ | | | २ |
| हुरीबतास | - | - | २ | | | १६ |
| असिना | - | - | | ६ | २६०८ | १७ |
| भारी वर्षा | - | - | | ४ | ५ | ३ |
| अन्य (सन् २०१३ सम्म रेकर्ड भएका पहिचान नभएका घटना) | १०९२ | - | | १५३२३ | | २८९२ |
| जम्मा | ४०२६४ | ३१० | ७८३८७ | १३३०९१३ | ५९३२०१२ | २२३७२ |

श्रोत : MoHA -2016_: Disaster Risk Reduction in Nepal: Achievements, Challenges and Ways Forward, National Position Paper for the AMCDRR, 2-5 November, 2016, New Delhi, India

तालिका २: सन् २०१५ अप्रिलको भूकम्पका कारण भएको क्षति

| विवरण | | | घरको संख्या | क्षति (नेरू दश लाखमा) | |
|---|---|---|---|---|---|
| क्षति | नष्ट घर | कम शक्तिको इँटा जोडाइ | ४७४०२५ | १९९०९१ | |
| | | सिमेन्ट प्रयुक्त इँटा | १८२१४ | १९६७१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जोडाइ | | | |
| | | आरसिसि फ्रेम | ६६१३ | ३९६८० | |
| | जम्मा | | ४९८८५२ | | २५८४४२ |
| | क्षतिग्रस्त घर | कम शक्तिको इँटा जोडाइ | १७३८६७ | ७३०२ | |
| | | सिमेन्ट प्रयुक्त इँटा जोडाइ | ६५८५९ | ७११३ | |
| | | आरसिसि फ्रेम | १६९७१ | १०१८२ | २४५९७ |
| | जम्मा | | २५६६९७ | | |
| | घरायसी सामान | | | | १६३८२ |
| | घरजग्गा सेक्टर | | | | ४२१० |
| | जम्मा क्षति | | | | ३०३६३१ |

श्रोत:PDNA 2015

परिस्थितिको गाम्भीर्यतालाई ध्यानमा राख्दै नेपाल सरकारले Natural Calamity Relief Act 1982, राष्ट्रिय भवन संहिता झढढद्ध, भवन ऐन झढढड (संशोधन 2006), NSDRM 2009 लगायतका अनेक प्रयासहरु शुरू गरेको छ। नेपाल सरकार, कार्यविभाजन नियमावली 2069 अनुसार विपद् जोखिम न्यूनीकरण  सम्बन्धी नीति, कार्य योजना र कार्यक्रमहरू तय र लागू गर्ने कार्य गृह मन्त्रालयको जिम्मेवारी अन्तर्गत पर्दछ। साथै, विपदको दौरान र सो पश्चात् विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूसंग समन्वय गर्ने जिम्मेवारी पनि गृह मन्त्रालयको रहेको छ। तथापि विपद् जोखिम न्यूनीकरण अन्तर(क्षेत्रगत (inter-sectoral) विकासको मुद्दाको रुपमा अगाडी आएकोछ जस अनुसार विभिन्न निकायहरूले आफ्ना विकास योजनामा विपद् जोखिम न्यूनीकरणलाई समाहित गर्ने गरेका छन्। सोहीअनुसार हालका वर्षहरूमा प्रायस् जसो मन्त्रालय र बिभागहरूले पनि आफ्ना क्षेत्रगत नीति, रणनीतिहरू एवम् कार्यक्रमहरूमा विपद् जोखिम न्यूनीकरणलाई समावेश गरेका छन्। यस बीच सुरक्षित समुदायहरूको निर्माण गर्ने अभिप्राय व्यक्त गर्दै नेपाल सरकारले  विभिन्न अन्तर्राष्ट्रिय सम्झौताहरूमा हस्ताक्षर गरेकोछ। तदनुसार, सरकारले सूचना, शिक्षा र संचार (IEC) सामाग्रीको उत्पादन सहित विभिन्न परियोजनाहरु र गतिविधिहरुको कार्यान्वयन गर्दै आएकोछ। यी सबै महत्वपूर्ण प्रयासहरूको बावजूद मिश्रित परिणाम सहित सोचेजस्तो नतिजा भने प्राप्त हुन सकेको छैन। यस परिवेशमा वृहत् राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना तयार पारिएको छ।

## २. पूर्वाधार विषयगत समूहको औचित्य(Rationale)

समयक्रममा विपद् जोखिम न्यूनीकरण एक बहुप्रभावी (cross cutting) मुद्दाको रुपमा स्थापित भई विकास योजनाका विविध पक्ष, गतिविधि एवम् प्रयासहरू यसबाट प्रभावित रहने भएकोले यसलाई कुनै

एक विषय अन्तर्गत राखी सम्बोधन गर्नु जटिल, अस्पष्ट र अव्यवहारिक रहेकोछ। यसकारण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाले विपद् जोखिम न्यूनीकरणका सम्पूर्ण पक्षहरूलाई सेन्डाई संरचना (Sendai Framework) अनुरुप ६ वटा विषय अन्तर्गत सम्बोधन गर्ने उद्देश्य राखेकोछ। कुनै पनि विपद्को बेला पूर्वाधारहरूमा सबैभन्दा बढी क्षति हुने गरेकोछ। पूर्वाधार विषय अन्तर्गत आवास तथा शहरी विकास, यातायात, सिंचाई तथा जल उत्पन्न विपद्, प्राकृतिक एवंम् सांस्कृतिक सम्पदा, पर्यटन तथा नागरिक उड्डयन रहेकोछ। यसबाहेक, शिक्षा, स्वास्थ्य, जलविद्युत् र अन्य संस्थाहरूको भौतिक संरचना पूर्वाधार अन्तर्गत समावेश गरिएकोछ।

बाढी, भू-क्षय र भूकम्प जस्ता प्राकृतिक विपद्ले पूर्वाधारलाई बढी क्षति गर्दछ भने आवास र बस्तीहरू आगलागीबाट समेत नष्ट हुने गर्दछन्। विपद्का कारण सडक, घर, जलविद्युत, सिंचाई र खानेपानी सुविधासंग सम्बन्धित  महत्वपूर्ण पूर्वाधारहरूमा गम्भीर असर पर्नुका साथै कृषि भूमि, व्यक्तिगत सम्पति एवम् मानव जीवनको क्षति भई देशको दीगो विकासमा गम्भीर खतरा उत्पन्न हुने गरेकोछ। सन् २०१५को भूकम्पको कारणले पुर्याएको क्षति मध्ये ६७.५ प्रतिशत पूर्वाधार क्षेत्रमा परेको तथ्यले पनि यो क्षेत्र सबैभन्दा बढी संकटासन्न रहेको पुष्टि हुन्छ। यसका साथै,  कूल क्षतिको लगभग ५० प्रतिशत आवास र बसोबास विषयगत क्षेत्रमा हुने गरेबाट विपद् जोखिम न्यूनीकरणमा यसको महत्व प्रष्ट हुन्छ (तालिका ३)। यस सन्दर्भमा शहरी विकास मन्त्रालयले यस विषयगत क्षेत्रको नेतृत्व लिनु मनासिब रहेकोछ। साथै, विपद्को बेला खोज, उद्धार र विपद् पिडितहरूलाई राहत प्रदान गर्न विपद्स्थलमा आवश्यक मानिस, पैसा, मेशिन र सामग्रीको ढोआनीमा पनि पूर्वाधारको महत्वपूर्ण भूमिका हुन्छ। विपदका कारणहुने जनधनको क्षति न्युनिकारण गर्न विपदपश्चातपनि जिवनयापनका महत्वपुर्ण आधारभूत पूर्वाधार तथा सेवाहरू संचालनमा रहन अतिआवश्यक रहेकोछ। यस सन्दर्भमा सेन्डाई संरचनाको वृहत् परिवेश अन्तर्गत विषयगत विपद् जोखिम न्यूनीकरणको सम्बोधनार्थ पूर्वाधारलाई अलग बिषयको रुपमा राख्नु उचित रहेकोछ ।

तालिका ३: गोरखा भूकम्पका कारण पूर्वाधारमा भएको क्षति

| क.सं. | क्षेत्र | कूल क्षति (दश लाखमा) | कूल क्षति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | **आवास तथा मानव बस्ती** | **३५०,५४०** | **४९.६२** |
| २ | सम्पदा | १९,२२३ | २.७२ |
| ३ | पर्यटन | ८१,२४२ | ११.५० |
| ४ | सिंचाई | ३८३ | ०.०५ |
| ५ | सामुदायिक पूर्वाधार | ३,३५० | ०.४७ |
| ६ | यातायात तथा उड्डयन | २२,११८ | ३.१३ |
|  | **जम्मा (पूर्वाधार)** | ४७६,८५६ | ६७.५० |
|  | अन्य क्षेत्र | २२९,६०५ | ३२.५० |

| | | | |
|---|---|---|---|
| | कूल | ७०६,४६१ | १००.०० |

श्रोत: PDNA 2015

३. कानूनी संरचना तथा नीतिहरूको समिक्षा एवम् विगतका पहलहरू

नेपालमा विपद् जोखिम न्यूनीकरणको यात्रा दैवी प्रकोप (उद्धार) ऐन, २०३९ (Natural Calamity Relief Act 1982) लागू भएसंगै शुरु भएको मान्न सकिन्छ यद्यपि यो ऐन मुख्य रुपमा खोज र उद्धार (SAR: search and rescue) मा सघाउन र तत्काल केही राहत प्रदान गर्न लागू गरिएको थियो। विगत केही दशकमा नेपालले विपद् जोखिम व्यवस्थापनर जलवायु जोखिम व्यवस्थापन (DRM / CRM) मा उल्लेखनीय प्रगति प्राप्त गरेको छ। धेरै कानूनी, संस्थागत र नीतिगत संरचनाहरू विद्यमान छन्। नेपालका नयाँ संविधानले सरकारका विभिन्न तहमा विपद् व्यवस्थापनका प्रावधानहरूको व्यवस्था गरेको छ। दैवी प्रकोप (उद्धार) ऐन, २०३९ले गृह मन्त्रालय अन्तर्गत खोज र उद्धार तथा पिडितलाई राहत वितरण गर्ने कार्यमा समन्वय गर्न केन्द्रीय प्राकृतिक विपद् राहत समिति (CNDRC: Central Natural Disaster Relief Committee) को गठनका लागि मार्गप्रशस्त गरेकोछ। साथै यस ऐनको व्यवस्थाअनुसार केन्द्रदेखि जिल्लासम्म दैवी प्रकोप उद्धार समितिहरु (( केन्द्रीय दैवी प्रकोप राहत समिति, राहत तथा उपचार उपसमिति, आपूर्ति, बसोबास तथा पुनर्स्थापना उपसमिति र क्षेत्रीय दैवी प्रकोप राहत समिति, जिल्ला दैवी प्रकोप राहत समिति, स्थानीय दैवी प्रकोप राहत समितिहरु रहने व्यवस्था गरेको छ। राष्ट्रिय, क्षेत्रीय एवम् स्थानीय तहमा यस्ता बिभिन्न संस्थाहरूको गठन भएतापनि विपद्जन्य क्षतिको परिमाण तथा परिदृश्यमा देखिनेगरी परिवर्तन ल्याउन भने यी संस्थाहरू सफल हुन सकेका छैनन्।

तथापि सन् १९८८ मा पूर्वी नेपालमा गएको भूकम्पले विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा प्रतिक्रियात्मक सोचबाट क्रियात्मक सोचमा जान अभिप्रेरित गरेको देखिन्छ। भवन निर्माण संहिता सन् १९९४ को तर्जुमा र ललितपुर उपमहानगरपालिका (तत्कालिन)मा यसको कार्यान्वयनसंगै सुरक्षित भवन निर्माणको अभियान सुरु भएको हो। लगत्तै भवन ऐन सन् १९९८ र एक दशक पश्चात् भवन नियमावली सन् २००८ पनि लागू भएको अवस्था छ। देशभर भवन निर्माण संहिता लागू गर्न र सुरक्षित भवन निर्माणको अभियानलाई व्यापक बनाउनका लागि अनुकूल वातावरण बनाउन बिभिन्न सरकारी र गैर(सरकारी पक्षहरूले आ(आफ्नो तर्फबाट भरमग्दुर प्रयास गरिरहेका छन्। हालसालै देशका सबै नगरपालिकामा भवन निर्माण संहिताको कार्यान्वयन अनिवार्य बनाइएको छ। भवन ऐन, नियमावली र भवन निर्माण संहिताहरुले भूकम्प वाहेक अन्य विपदबाट उतपन्न जोखिम न्युनिकारण तथा व्यवसथापनका मुद्दाहरूलाई विसतृत रुपमा सम्बोधन गरिएको छैन। अन्य विपद्हरूका बारेमा मौनता साँधिएको छ।

नेपालको नयाँ संविधान २०७२ मा क्रमशः पाँच र दुई स्थानमा “विपद्“ र “प्राकृतिक विपत्ति“ भन्ने शब्द उल्लेख गरिएकोछ। धारा २७३ ले संघीय सरकारलाई सम्पूर्ण राज्य वा कुनै निर्दिष्ट भागमा आपातकालीन अवस्थाको घोषणा गर्न अधिकार प्रदान गरेकोछ। संविधानको धारा २६७(४) मा “नेपाल सरकारले नेपाली सेनालाई संघीय कानून बमोजिम विकास निर्माण र विपद् व्यवस्थापन लगायतका

अन्य कार्यमा समेत परिचालन गर्न सक्नेछ" भनी उल्लेख गरेकोछ। धारा ५१ (राज्यका नीतिहरू) अन्तर्गत "जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दीगो र भरपर्दो सिंचाईको विकास गर्ने" र "प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने" भनी उल्लेख गरिएकोछ। संविधानको अनुसूची(७ (संघ र प्रदेशको साझा अधिकारको सूची) को १७औं बुँदामा "प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ" समावेश गरिएकोछ। अनुसूची ८ (स्थानीय तहको अधिकारको सूची) को २०औं बुँदामा "विपद् व्यवस्थापन" समावेश गरिएकोछ। त्यस्तै, अनुसूची ९ (संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची) को ९औं बुँदामा पनि "विपद् व्यवस्थापन" समावेश गरिएकोछ।

अन्य व्यवस्थाहरूको कुरा गर्दा प्रधानमंत्री विपद् राहत कोष एवम् अन्य स्तरका कोषहरूको व्यवस्थागरी परिचालन गरिएकोछ। सबै सरोकारवाला सरकारी निकायहरूले विपद् तथा जलवायु परिवर्तन सम्पर्क व्यक्तिका रुपमा एकजना वरिष्ठ अधिकृतलाई तोकेका छन् । त्यसैगरी, विकास योजना प्रक्रियामा अनुगमन सूचकहरूसहित विपद् जोखिम न्यूनीकरणलाई समाहित गर्ने कार्यलाई सरकारले प्राथमिकता दिएकोछ। यसको अलावा विपद् सम्भाव्य समुदायहरूमा समुदायमा आधारित विपद् व्यवस्थापनका गतिविधिहरू शुरु गरिएको छ जुन चेतना जगाउन, स्थानीय स्तरमा विपद् व्यवस्थापन गर्न र समुदायको स्तरमा स्वावलम्वनको भावना जगाउन सहायकसिद्ध भएकोछ। त्यसै गरी, सरकारले विपद् व्यवस्थापनका विषयहरूलाई विद्यालयको पाठ्यक्रम, विद्यालय सुधार योजना र विद्यालय क्षेत्र विकास योजना र विश्वविद्यालयहरूमा समावेश गरेकोछ। अधिकांश अस्पतालहरूले विपद्को सामना गर्न पूर्वतयारी योजना तयार परेका छन्। त्यसै गरी कतिपय पुरानो नगरपालिकाहरूले पनि पूर्वतयारी योजना तयार पारेका छन् जसमा विपद्को बारेमा बुझाई, सम्भाव्य जोखिमहरू र तिनका न्यूनीकरणका उपायहरू समाविष्ट छन्। यद्यपि, यी पहलहरूको कार्यान्वयन र प्रभावकारीताको मूल्याङ्कन गर्दा नतिजा मिश्रित देखिन्छ।

राष्ट्रिय स्तरमा राष्ट्रिय आपातकालीन परिचालन केन्द्र (NEOC) को स्थापना र संचालन गरिएको छ। त्यस्तै गरी, क्षेत्रीय र जिल्ला स्तरमा चार दर्जन भन्दा बढी आपातकालीन परिचालन केन्द्रहरू (EOC) छन्। यी केन्द्रहरूले विपद् सम्वन्धी जानकारी, प्रतिक्रिया, द्रुत राहत र मानवीय सहायताको संयोजन र समन्वय गर्ने कार्य गरिरहेका छन्। त्यसैगरी, पाँच प्रमुख नदी बेसिनहरूमा आधारभूत स्तरको प्रारम्भिक चेतावनी प्रणाली (Early Warning System)को स्थापना गरिएकोछ जसमा आपातकालीन परिचालन केन्द्रहरू र समुदायहरू आवद्ध छन्। जानकारीको संग्रह, विश्लेषण र प्रसारका लागि विपद् जोखिम न्यूनीकरण पोर्टलको परिचालन गरिएको छ। विपद् व्यवस्थापनको प्रभावकारी कार्यान्वयन र राम्रो समन्वयका लागि समूहगत अवधारणा (Cluster approach) लाई संस्थागत बनाइएकोछ । यसबाहेक, एयरपोर्ट तैयार राखौं (GAR: Get Airport Ready) नेपालले शुरु गरेको अर्को महत्त्वपूर्ण गतिविधि हो जस अन्तर्गत Humanitarian Staging Area को स्थापना गरिएकोछ।

यी विभीन्न प्रयासहरूको बावजुद गृह मन्त्रालय तथा शहरी विकास मन्त्रालय बाहेक अरू मन्त्रालयहरू अझै DRR/CRMको सन्दर्भमा अभिमुखीकरणकै अवस्थामा रहेकाछन्। यस सन्दर्भमा विपद् जोखिम व्यवस्थापनका लागि राष्ट्रिय रणनीतिका साथै पूर्वाधार विकाससंग सम्वन्धित प्रत्येक मन्त्रालयका राष्ट्रिय नीतिलाई विपद् जोखिम न्यूनीकरणको दृष्टिकोणले समिक्षा गरिएकोछ।

विपद् जोखिम व्यवस्थापनका लागि राष्ट्रिय रणनीति सन् २००९ मा विपद्को बुझाईको पाटोका रुपमा संकटासन्नटा मूल्यांकन (vulnerability assessment) सहित प्रकोप तथा जोखिम मानचित्रण, राष्ट्रिय भवन निर्माण संहिता सहित भूकम्प सम्वन्धी संहिताहरूको विकास, पहिरो र बाढीको क्षेत्रनिर्धारण, ऐतिहासिक एवम् पुरातात्विक स्थलहरूको संकटासन्नटा मूल्यांकन, जीआईएसमा आधारित प्राकृतिक सम्पदाको जोखिम मानचित्रण, नयाँ प्रविधिको विकास र निर्माण समाविष्ट छन्। यसका अलावा रणनीतिले राष्ट्रिय प्राधिकरण, जिल्ला प्राधिकरण र नगरपालिका र स्थानीय प्राधिकरणहरूलगायत केन्द्रमा प्रधानमन्त्रीको नेतृत्वमा NCDRM को गठन सहित विपद् जोखिम व्यवस्थापनका लागि तीन तहको संस्थागत व्यवस्थाको प्रस्ताव गरेको छ। यसबाट समुदायलाई उत्थान्शील हुन जनचेतना जगाउन मद्दत मिल्नेछ। विपद् जोखिम न्यूनीकरणका लागि वित्तपोषण गर्ने दीगो उपायका रुपमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोगहरूको परिचालनका साथै समर्पित कोष बास्केटको स्थापना गर्ने उल्लेख गरिएकोछ। समुदाय र स्थानीय सरकारको पूर्वतयारीलाई धेरै जोड दिइएको छ जस अनुसार थुप्रै जिल्ला र  नगरपालिकाहरूले पूर्वतयारी योजनाहरू बनाईसकेका छन्। अधिकांश विकास योजनाहरु र खास गरी केन्द्र, जिल्ला र स्थनीय तहमा तयार पारिएको आवधिक योजनामा विपद् जोखिम न्यूनीकरणलाई समाहित गरिएकोछ। ऐनको अभावको बावजुद विपद् जोखिम व्यवस्थापनका लागि राष्ट्रिय रणनीतिले विपद् जोखिम न्यूनीकरणको सन्दर्भमा प्रमुख भूमिका खेलेको तथ्यमा दुईमत छैन। विकास योजनामा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहिकरण, छुट्टै कोषको स्थापना र आपतकालीन परिचालन केन्द्रहरूको स्थापना मुख्य उपलब्धि भए पनि संस्थागत सुधारहरू भने हुन सकेका छैनन्। कोषको प्रवाह, श्रोत परिचालन एवम् पूर्वतयारीको गतिविधिहरूको कार्यान्वयनका सन्दर्भमा अपेक्षित नतिजा प्राप्त हुन सकेको छैन।

राष्ट्रिय सिंचाई नीति २०७० र जलउत्पन्न विपद् व्यवस्थापन नीति २०७२ मुख्यतः जलउत्पन्न  विपद् र जलवायु परिवर्तन अनुकूलनमा केन्द्रित छन्। प्रत्येक जिल्लामा संस्थागत व्यवस्था सहित यी नीतिहरूमा गुरुयोजना अवधारणा सहित प्रारम्भिक चेतावनी प्रणाली, एकीकृत जलश्रोत व्यवस्थापन अवधारणा र जलउत्पन्न विपद् रोकथामका लागि बेसिन अवधारणामा जोड दिइएकोछ। यसका अलावा आपातकालीन व्यवस्थापनको लागि निर्माण उपकरण र सामग्रीको भण्डारण सुविधामा पनि जोड दिइएकोछ। यसैगरी पहिरोको गम्भीरता र बाढीको प्रकोप मानचित्रण अनुरुप क्षेत्रविभाजन गरी सो अनुरुप उचित खालका निर्माण कार्यलाई मात्र अनुमति दिने उल्लेख छ। भूक्षय, पहिरो, बाढी, नदी कटान, हिमताल प्रस्फुटन, भारी मनसुन वर्षा जस्ता जल तथा मौसमसंग सम्वन्धित विपद्हरूको मुद्दालाई सम्वोधन गर्ने एकमात्र उद्देश्यका साथ सिंचाई मन्त्रालय अन्तर्गत जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग गठन गरिएको छ।

विपद्को प्रभाव कम गर्न र न्यूनीकरणका उपायहरूको प्रोत्साहन गर्न राष्ट्रिय शहरी नीति सन् २००७ ले स्थानीय निकायद्वारा विपद् व्यवस्थापन योजनाको तर्जुमा र कार्यान्वयन मार्फत जनधनको क्षति कम गर्ने कार्यलाई प्रोत्साहित गरेको छ। यसका अलावा विपद्जन्य स्थानमा भवन निर्माणमा बन्देज लगाउने, राष्ट्रिय भवन संहिताको पुनरावलोकन सहित अवलम्वन गर्ने र वैकल्पिक प्रविधि एवम् सामग्री विकास गर्ने तर्फ पनि जोड दिएको छ।  राष्ट्रिय शहरी विकास रणनीति सन् २०१७ विपद्का सबै पक्षहरूलाई सम्वोधन गर्ने एक वृहत् दस्तावेज हो। शहरी विकास योजनामा विपद् जोखिम व्यवस्थापनलाई

मूलप्रवाहिकरण गरी सोही अनुरुप स्थानीय निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने र समुदायको स्तरमा चेतना जगाउने तर्फ यस रणनीतिले जोड दिएको छ। राष्ट्रिय शहरी नीति सन् २००७ र राष्ट्रिय शहरी विकास रणनीति सन् २०१७ ले प्रस्तावगरेका विभिन्न रणनीतिहरूमा विपद् जोखिम न्यूनीकरणलाई समावेश गरिएको छ।

विपद् जोखिम न्यूनीकरणलाई सम्वोधन गर्ने मामिलामा राष्ट्रिय यातायात नीति २०५८ कमजोर देखिन्छ। विपद् व्यवस्थापनको सन्दर्भमा यो नीति प्रतिक्रियात्मक रहेको छ। सडक निर्माणको सन्दर्भमा देशभर जथाभावी सडक खन्दा धेरै स्थानमा पहिरो र माटो खस्ने जस्ता समस्याहरू विगतमा पनि देखा परेको र हाल पनि देखा परिरहेको छ। त्यसै गरी विपदबाट अति प्रभावित हुने विषयगत क्षेत्रमा पर्यटन पनि पर्दछ तर विपद् जोखिम न्यूनीकरणलाई राष्ट्रिय पर्यटन नीति २०६५ ले पर्याप्त ढंगले सम्वोधन गर्न सकेको छैन। नीतिको बुंदा ८मा पर्यटकको सुरक्षाका लागि आवश्यक व्यवस्था गरिने उल्लेख गरिएको छ । यसको कार्यनीतिले पनि विपद् जोखिम न्यूनीकरणमा भन्दा पनि सुरक्षा र संकटमोचनमा बढी जोड दिएको देखिन्छ। त्यस्तै, संरक्षण र संरक्षणमा केन्द्रित राष्ट्रिय संस्कृति नीति २०६७ ले विपद् जोखिम न्यूनीकरणलाई धेरै कम प्राथमिकता दिएको छ।

## ४. अध्ययन विधि(Methodology)

विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना तैयार गर्न सन्दर्भ सामग्रीको समिक्षा, परामर्श, छलफल र साक्षात्कार लगायतका विधिहरू प्रयोग गरिएको थियो। बिषयको पृष्ठभूमि बुझ्न सेन्डाई फ्रेमवर्क लगायत विभिन्न क्षेत्रगत नीतिहरू एवम् रणनीतिहरुको समिक्षा गरी राष्ट्रिय जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाको संरचना तयार पारिएको थियो। सरोकारवाला मन्त्रालयका अधिकारीहरूसंगको पहिलो परिचयात्मक परामर्श बैठकमा उक्त संरचनामाथि छलफल भई त्यसलाई अन्तिम रुप दिइएको थियो। साथै आ(आफ्नो मन्त्रालय भित्र पनि छलफल गरी रायसुझाव दिन अनुरोध गरिए बमोजिम सरोकारवालाहरूसंगको दोश्रो परामर्श बैठकमा थप छलफल भई विषयगत दूरदृष्टि एवम् उद्देश्यहरूमा सहमति भएको थियो भने मन्त्रालयभित्रको आन्तरिक छलफलका आधारमा नीति एवम् कार्ययोजना तयार पार्ने सहमति पनि भएको थियो।




चित्र १: अध्ययन विधि

विषयगत सहजकर्ताद्वारा प्रत्येक मंत्रालय र विभागका अधिकारीहरूको सानो समूहसँग कुराकानी गरी विषयगत विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार पारिएको छ जसलाई तेश्रो परामर्श छलफलमा प्रस्तुत गरिनेछ भने टिप्पणी र सुझावका लागि उक्त मस्यौदा प्रत्येक सरोकारवाला मन्त्रालयमा छलफलका लागि पठाइने छ वा कार्यशाला गोष्ठीमा प्रस्तुत गरिनेछ। टिप्पणी र सुझावहरू समावेश  गरी विषयगत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति र रणनीतिक कार्य योजनाको अन्तिम मस्यौदा प्रतिवेदन तयार गरिनेछ र सम्बन्धित निकायलाई बुझाइनेछ। अपनाइएको अध्ययन विधि चित्र १ मा प्रस्तुत गरिएको छ।

## ५. कमिकमजोरीहरु(Gaps)

विगतका विपद्हरू तथा विभिन्न पूर्वाधारहरूमा परेको तिनको प्रभावहरुको आलोच्नातमक आंकलन तथा विश्लेषणले प्रष्ट हुन्छ कि विपद् जोखिम न्यूनीकरणले स्थान वा क्षेत्र विशेषमा विद्यमान जोखिमको गम्भीरता बुझिने गरी बहु(प्रकोप मानचित्रांकनका मुद्दालाई सम्वोधन गर्नु पर्दछ। यसबाहेक, योजना मानकहरू, भवन मापदण्ड, जग्गा विकासका डिजाइन मापदण्ड र मानकहरू लगायत भवन एवम् अन्य पूर्वाधारको निर्माण पनि बहु(प्रकोप संवेदनशील हुनुपर्दछ। तथापि कस्ता खालका मापदण्ड वा मानक तय गर्ने भन्ने सवालमा व्यक्तिको र राज्यको खर्च व्यहोर्ने क्षमता पनि हेर्नु पर्ने हुन्छ।

त्यसैगरी, राम्रो विपद् शासनका लागि अन्तरनिकाय र निकायभित्रको सबै तहबीचको समन्वय पनि सुदृढ बनाउन आवश्यक छ। पूर्वाधार विकास, मर्मतसम्भार र अनुगमनका सबै पक्षमा विपद् जोखिम न्यूनीकरण समाहित गर्ने कार्यलाई बढावा दिन र समर्थन गर्न एक समर्पित संस्था वा प्रभावशाली इकाई आवश्यक छ। पूर्वाधार विकाससँग सम्वन्धित कुनै पनि मन्त्रालयसंग विपद् जोखिम न्यूनीकरणका गतिविधि संचालनका लागि समर्पित वित्तीय कोष परिचालन गर्ने व्यवस्था छैन। शहरी विकास तथा

भवन निर्माण विभाग (DUDBC) र जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग (DWIDM) बाहेक अन्य अधिकांश विभागहरू अनौपचारिक (adhoc) किसिमले विपद् जोखिम न्यूनीकरण सम्वन्धी गतिविधिहरू संचालन गरिरहेका छन्। प्रभावकारी विपद् जोखिम न्यूनीकरणका लागि सम्वोधन गरिनु पर्ने उप( विषयगत मुद्दा वा कमिकमजोरीहरुको पहिचान गरी तालिका ४ मा प्रस्तुत गरिएकोछ।

तालिका ४: विभिन्न पूर्वाधारका प्रत्येक प्राथमिकता क्षेत्रमा पहिचान भएका खाडलहरू

| बिषयगत क्षेत्र: पूर्वाधार | प्राथमिकता १: विपद् जोखिम न्यूनीकरण सम्बन्धी बुझाई | प्राथमिकता २: विपद् शासन | प्राथमिकता ३: विपद् जोखिम न्यूनीकरण गतिविधिहरूको वित्तपोषण | पूर्वतयारी, प्रतिकार्य एवम् पुनर्निर्माण |
|---|---|---|---|---|
| शहरी विकास एवम् आवास | बहु(मापदण्डमा आधारित जोखिम मानचित्राङ्कन (:गतिष ऋचष्तभचष्ब च्ष्कप :बउउष्लन) हरु नभएको | विपद् जोखिम न्यूनीकरण प्रति संवेदनशील भवन निर्माण एवम् योजनासंग सम्बन्धित मापदण्डहरु अपुर्ण रहेको | स्थानीय तहमा समर्पित वित्तको व्यवस्था नभएको | समुदायको चेतनास्तरमा कमी रहेको |
| | जोखिम संवेदनशील भू( उपयोग योजना (Risk Sensitive Land Use Planning) को व्यवस्था नभएको | पूर्वाधारसंग सम्बन्धित मापदण्ड एवम् मानकहरूको पुर्णरुपमा विकास नभएको | स्थानीय वित्तको परिचालन कमजोर रहिको | समुदाय र विद्यालयमा सुचना, शिक्षा र संचार (IEC) सामग्रीको अपर्याप्तता भएको |
| | जोखिमको गम्भीरता झल्किने भू(उपयोगर क्षेत्र विभाजन (Zoning) नगरीएको | संस्थागत समन्वयमा कमी | विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको संलग्नतामा कमी | तालिम अभ्यास(mock drills)को अभाव |
| | वैकल्पिक प्रविधिहरूको अध्यन अनुष्नधान फितलो रहेको | आयोजना पहिचान एवम् कार्यान्वयनमा विपद् जोखिम मुल्यांकन गर्नुपर्ने कानुनि प्रावधान नभएको | | उपकरण, स्वयंसेवक एवम् महिला सहभागितामा कमी |
| | विपद् प्रभाव मूल्यांकन (Disaster Impact Assessment) को | स्थानीय तहमा समर्पित संस्थाहरूको उपस्थिति न्युन | | पुनर्निर्माणका लागि अपर्याप्त प्राविधिक एवम् वित्तीय सहयोग |

| | | | | |
|---|---|---|---|---|
| | कार्यचिधि को विकास नभएको | रहेको तथा स्थानीय संस्थाहरूको क्षमता अप्रयाप्त रहेको | | |
| यातायात | संकटासन्नटा मूल्यांकन एवम् जोखिम मानचित्रण तथा क्षेत्र निर्धारण नगरिएको | मापदण्ड एवम् मानकहरू विपद्प्रति संवेदनशिल नभएको | आपतकालीन कोषको अपर्याप्तता रहिको | कर्मचारी एवम् समुदायमा चेतनाको कमी |
| | सडक रेखांकनगर्दा विपद् जोखिम न्यूनीकरणमा उचित ध्यान नदिईएको | आयोजनाको पहिचान, डिजाइन, कार्यान्वयन र अनुगमनका लागि विपद् प्रभाव मूल्यांकनगर्ने परिपाटि नभएको | | वैकल्पिक मार्गहरूको व्यवस्था नभएको |
| | विपद् जोखिम न्यूनीकरण एवम् जलवायु परिवर्तन अनुकुलनका लागि वैकल्पिक प्रविधि एवम् सामग्रीका अनुसन्धान तथा विकासमा कामि भएको | विपद् जोखिम न्यूनीकरणलाई सम्वोधन गर्न संस्थागत क्षमतामा कमी | | अपर्याप्त उपकरण र प्रशिक्षण |
| | | संस्थागत समन्वयमा कमी | | नियमित सडक मर्मत एवम् सडक सुरक्षा उपायको अपर्याप्तता |
| | | आपतकालीन स्थितिको बेलामा कार्य संचालन प्रकिया (क्इए)को अभाव | | |
| जल उत्पन्न प्रकोप व्यवस्थापन | बहुमानक जोखिम मानचित्रांकन (Multi Criteria Risk Mapping) नगरिएको | संस्थागत समन्वयमा कमी | सबै तहमा समर्पित आपातकालीन कोषको अभाव | कमजोर प्रारम्भिक चेतावनी प्रणाली |
| | जलउत्पन्न विपद्को गम्भीरता झल्कने क्षेत्रविभाजन (zoning) नगरिएको | विपद् जोखिम न्यूनीकरण एवम् जलवायु परिवर्तन अनुकुलनलाई | जिल्ला स्तरीय विपद् जोखिम न्यूनीकरण कोषसंग कमजोर | योजनाको बावजूद पुर्वतयारी कमजोररहेको |

| | | | | |
|---|---|---|---|---|
| | | सम्वोधन गर्ने मानक र मापदण्डहरुको अभाव भएको | आवद्धता | |
| | विपद् जोखिम न्यूनीकरण एवम् जलवायु परिवर्तन अनुकुलनका लागि वैकल्पिक प्रविधि एवम् सामग्रीका अनुसन्धान तथा विकास नभएको | आयोजनाको पहिचान, डिजाइन, कार्यान्वयन र अनुगमनका लागि विपद् प्रभाव मूल्यांकनगर्नुपर्ने प्रावधान नभएको | | स्थानीय समुदायहरूमा चेतनाको कमी |
| | विपद् जोखिम न्यूनीकरणका लागि प्राविधिक नवप्रवर्तनहरुको कामिरहेको | विश्वविधालय तथा अनुष्नधान केन्द्रहरु संग समन्वयको कमि | अनुष्नधानकालागि वितिय व्यवस्थाको कमी | स्थानीय ज्ञान र प्रविधिद्वारा निर्देशित पुनर्निर्माणको प्रगति निरासाजनक रहेको |
| प्राकृतिक एवम् सांस्कृतिक सम्पदा | जोखिम मूल्यांकन र मानचित्रांकनको कमिभएको | विपद्कालिन कार्य संचालन कार्यविधि (SOP) नभएको | स्थानीय तहमा समर्पित कोषको कमी | सम्पदा स्थलको विपद् जोखिम न्यूनीकरणका बारेमा अधिकारी एवम् समुदायको चेतनामा कमी |
| | जैविक विविधता, पारिस्थितिकी तंत्र एवम् सम्पदामा परेको जोखिमको गम्भीरता झल्कने क्षेत्रविभाजन नगरिएको | सम्पदास्थलको संरक्षण र सम्भारका लागि मानदंड र मानकहरुको मुल्यांकन तथा परिमार्जनमा कमि | व्यवसायिक सामाजिक जिम्मेवारी (CSR: Corporate Social Responsibility) र अन्य कोषहरूको कमजोर परिचालन | मूर्त र अमूर्त सम्पदाको महत्वबारे संवेदनशीलतामा कमि भएको |
| | | संस्थागत समन्वयमा कमी | | परम्परागत प्रविधि एवम् प्रक्रिया प्रति समुदायको रूचीमा कमी |
| | | बफर क्षेत्रहरूमा संस्थाहरूको अस्पष्ट | | राष्ट्रिय सम्पदाहरूको भरपर्दो |

| | | | | |
|---|---|---|---|---|
| | | अधिकार क्षेत्र | | अभिलेखीकरणको अभाव |
| नागरिक उड्डयन | जोखिमको गम्भीरता बुझ्न बहुमानक जोखिम मानचित्रांकनको अभाव | विमानस्थलको स्थान र निर्माणका लागि जोखिम संवेदनशील मापदण्डहरू र मानकहरू अधावधिक नगरिएको | अपर्याप्त आपातकालीन कोष | विपद् जोखिम न्यूनीकरणको बारेमा विमानस्थलमा सुचना प्रवाहमा कमी |
| | विपद्कालिन समयमा विमानस्थलको भूमिकाको बारेमा उचित जानकारिको कामि | | निजी क्षेत्रका विमान परिचालन गर्न कार्य संचालन कार्यविधि (SOP) को कमि | आपतकालिन सामग्री एवम् भण्डारगृह सहितको पूर्वतयारी नभएको |
| पर्यटन | पर्यटकीय गन्तव्य र मार्गहरूको जोखिमको गम्भीरता बुझ्न जोखिम मूल्यांकन र क्षेत्रविभाजन नगरिएको | पर्यटनमा सरकारी र निजी क्षेत्रको बीच प्रभावकारी सहकार्यको कमी | खोज र उद्धारका लागि समर्पित कोषको व्यवस्था नभएको | अधिकारी एवम् अन्य सरोकारवालाहरूको चेतनास्तरमा कमी |
| | मौसममा आधारित जोखिम मूल्यांकनमा कमजोरी | टूर अपरेटरहरूको लागि मानदण्डहरू र निर्देशिकाहरू अधावधिक नगरिएको | पर्यटन पूर्वाधारको बिमाको व्यवस्था नभएको | पूर्वतयारी एवम् द्रूत प्रतिकार्य टिमको कमी |
| | योजना पहिचान एवम् कार्यान्वयनका लागि विपद् प्रभाव मूल्यांकन गर्ने प्रावधान नभएको | विपद्कालिन कार्य संचालन कार्यविधि (SOP) को विकास नगरिएको | | |
| बिद्यालय एवम् स्वास्थ्य सेवाका भवनहरू | बिद्यालय एवम् स्वास्थ्य सेवाका भवनहरूको निर्माणस्थल सम्बन्धी जोखिम क्षेत्रीकरण नक्सा एवम् निर्देशिकाको कमि | विद्यालय र अस्पताल भवन डिजाइन र निर्माणका लागि मानदण्डहरू र मानकहरू अधावधिक नगरिएको | विपद् जोखिम न्यूनीकरणका गतिविधिहरूको लागि समर्पित कोषको अभाव भएको | सरोकारवालाहरू बीच चेतनास्तरमा कमि |
| | | संस्थागत समन्वयमा कमी | | प्रभावित संरचनाहरूको |

| | | | | |
|---|---|---|---|---|
| | | | | सवलीकरणर Building Back Better सिद्धान्त अनुरुप पुनर्निर्माण हुननसकेको |
| | | | | विद्यालय र अस्पतालमा लागि विपद् पूर्वतैयारीको उचित व्यवस्था नभएको |
| | | विद्यालय र अस्पतालहरूका लागि विपदको समयमा कार्य संचालन कार्यविधि ( SOP) नभएको | | वेतन मार्ग ( Evacuation route), चिन्ह र चेतावनी प्रणालीको बिकास र व्यवस्था नभएको |
| जलविद्युत पूर्वाधार | जोखिमको गम्भीरता बुझ्न बहुमानक जोखिम मानचित्रांकनको कमिरहेको | जलविद्युत निर्माणस्थलको छनौट, डिजाइन र निर्माणका लागि मानदण्डहरू र मानकहरूमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरणमा कमिरहेको | विपद् जोखिम न्यूनीकरणका गतिविधिहरूको लागि समर्पित कोषको अभाव | सम्वन्धित अधिकारी र पेशाकर्मीको चेतना अभिवृद्धि र अभिमुखीकरण |
| | योजना पहिचान एवम् कार्यान्वयनका लागि विपद् प्रभाव मूल्यांकन नगरिएको | पावर स्टेशन, उप स्टेशन र अन्य बिद्युत पूर्वाधारका लागि विपद् जोखिम न्यूनीकरण संवेदनशील मानदण्डहरू र मानकहरूको विकास नगरिएको | | पूर्व चेतावनी प्रणालीको विकस नगरिएको |

| | | | | |
|---|---|---|---|---|
| | | जलविद्युत पावर प्लान्ट, पावर स्टेशन र उपस्टेशनको आपतकालीन अवस्थाका लागि कार्य संचालन कार्यविधि (SOP) नभएको | अनुसन्धान एवम् खोज (innovation) मा लगानिको कमी | अनुसन्धान एवम् खोजको आवश्क प्रचार नगरिएको |

## ६. विपद् जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय नीतिहरू (पूर्वाधार समूह)

विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई संरचना (Sendai Framework for Disaster Risk Reduction 2015-2030) ले विपद् जोखिमको न्यूनीकरण एवम् रोकथाम गरी उत्थान्शील एवम् दीगो विकास हासिल गर्ने उपायहरूको प्रस्ताव गरेको छ। सन् २०१६ को विपद् जोखिम न्यूनीकरण सम्वन्धी एशियाली मन्त्रीहरूको सम्मेलन (AMCDRR: Asian Ministerial Conference on Disaster Risk Reduction) ले विपद् जोखिम व्यवस्थापन बाट विपद् जोखिम न्यूनीकरण तर्फ कार्यनिति तथा सोच बदल्नु पर्ने आवश्यकतालाई पहिचान गरेको छ। नेपालले राष्ट्रिय रणनीति सन् २००९ मार्फत् यस सम्वन्धी पाइला चालिसकेको थियो जसअनुसार राष्ट्रिय दैवीप्रकोप राहत ऐन सन् १९८२ मा जोड दिइएको उद्धार र राहतको अवधारणाबाट निस्केर राष्ट्रिय रणनीतिले विपद् जोखिम न्यूनीकरण चक्रका सबै चरणहरूलाई सम्वोधन गर्न जोड दिएको छ। NSDR: सन् २००९ को कार्यान्वयन र सन् २०१५ को भूकम्प लगायतका विगतका विपद्हरूबाट हासिल भएका पाठहरू नै विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाका प्रस्थानको बिन्दु हुन्।

### ६.१ दूरदृष्टि

पूर्वाधार समूहको दुरदृष्टि यसप्रकारको रहेकोछ।

**“सुरक्षित नेपालका लागि उत्थानशील एवम् अनुकूलित पूर्वाधार”**

### ६.२ लक्ष्य

जोखिमहरू प्रतिको पूर्वाधारहरुको सम्मुखता (exposure) घटाउनु र परिष्कृत पूर्वतयारी, सुदृढ विपद् शासन एवम् विपद् जोखिम न्यूनीकरण सम्वन्धी गतिविधिहरूका निम्ति समर्पित वित्तपोषणका व्यवस्थाहरू हासिल गर्न संस्थागत सहयोग एवंम समन्वय लाई बढावा दिनु यस विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाको लक्ष्य रहेको छ।

### ६.३ उद्देश्य

यस विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना अन्तरगत पुर्वाधारहरुको जोखीम न्यनिकरणका निम्नलिखित उद्देश्य रहेकाछन।

१. पूर्वाधारहरुको योजना तर्जुमा, डिजाइनिंग र व्यवस्थापनमा जलवायु परिवर्तन सहितका विपद्हरूको सामना गर्न बहु(प्रकोप अवधारणा अपनाउने

२. पूर्वाधार विकास र विपद् जोखिम न्यूनीकरणका गतिविधिहरूका लागि जोखिमको जानकारीमा आधारित निर्णय प्रक्रियालाई बढावा दिने

३. भूकम्पसम्वन्धी संहिताहरू, भवन निर्माण संहिता, भवन निर्माण नियम तथा निर्देशिका हरू, एवम् योजना तर्जुमा मापदण्डहरूको कार्यान्वयन र सुदृढिकरणका लागि तिनिहरुको आवधिक समिक्षा तथा परिमार्जन प्रणालिको विकास गर्ने।

४. योजना चयन, कार्यान्वयन र सम्भारमा विपद् प्रभाव मूल्यांकनलाई औजारको रुपमा अपनाउने

५. पूर्वाधार विकासका लागि नवीन प्रविधिहरू एवम् सामग्रीहरूको अनुसन्धान एवम् विकासमा लगानी गर्ने र सरोकारवाला संस्थाहरूमा विपद् जोखिम न्यूनीकरण सम्वन्धी गतिविधिहरू संचालन गर्न समर्पित वित्तपोषण व्यवस्था मिलाउने

६. विपद् पश्चात् अझ सुरक्षित तथा हरित पुर्वाधारको विकासगर्ने (Build back better and Greener)।

६.४ नीतिगत सुझाव

विपद् जोखिम न्यूनीकरणका मुद्दाहरूलाई सम्वोधन गरी सुरक्षित र समानुकूलित पूर्वाधार निर्माण गर्न सेन्डाई संरचनामा अपनाइएको चार प्राथमिकताका क्षेत्र अनुरुप वृहत रुपमा दूरदृष्टिको लक्ष्य हासिल गर्न र विशेषतस् लक्षित् उद्देश्यहरू प्राप्त गर्न सघन नीतिहरू प्रस्ताव गरिएको छ। विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाका लागि अपनाईएका चार प्राथमिकता क्षेत्र चित्र २ मा देखाइएको छ भने प्रस्तावित नीतिहरू तालिका ५ मा प्रस्तुत गरिएकोछ।

| | | | |
|---|---|---|---|
| प्राथमिकता क्षेत्रनीतिहरू प्राथमिकता १: विपद् जोखिम न्यूनीकरणको बुझाई | प्राथमिकता २: कुशल व्यवस्थापनका लागि विपद् शासनको सवलीकरण | प्राथमिकता ३: उच्च उत्थानशीलताका लागि विपद् जोखिम न्यूनीकरणका गतिविधिहरूको वित्तपोषणका वैकल्पिक उपायहरू | प्राथमिकता ४: प्रभावकारी प्रतिकार्य एवम् “Build Back Better“ मा आधारित पुनर्लाभ तथा पुनर्निर्माणका लागि विपद् पूर्वतयारीमा सुधार |

चित्र २: विपद जोखिम न्युनिकारणका प्राथमिक्ताका क्षेत्रहरु

तालिका ५: प्राथमिक्ताका क्षेत्रहरुमा प्रस्तावित नीतिहरू

| प्राथमिकता क्षेत्र | नीतिहरू |
|---|---|
| प्राथमिकता १: विपद् | संकटासन्नटा मूल्यांकन र जोखिम चित्रांकनको आधारमा पूर्वाधारहरुको योजनातर्जुमा, डिजाइन र व्यवस्थापनगर्ने निर्णयहरु गर्ने गराउने अभिप्रेरित |

| | |
|---|---|
| जोखिम न्यूनीकरणको बुझाई (PR 1: Understanding DRR) | गर्ने |
| | आवास लगायतका विभिन्न पूर्वाधारको योजनातर्जुमा, डिजाइन र निर्माणका लागि मापदण्डहरू, मानकहरू र संहिताहरूको विकास वा पुनरावलोकन तथा तिनको प्रसार र कार्यान्वयनमा जोडदिइने |
| | स्थानीय, प्रादेशिक, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा विपद् जोखिम न्यूनीकरणका विविध पक्षहरू सम्वन्धी निकायभित्र र निकायहरूबीच तथ्यांक एवम् जानकारीको आदानप्रदानलाई बढावा दिने तथा तिनको प्रसार गर्ने |
| | निर्माण प्रविधि, सामाग्री, पूर्वाधारको डिजाइन र व्यवस्थापनमा नवीन सोच ल्याउन अनुसन्धान तथा प्रसारमा जोडदिइने |
| प्राथमिकता २ः विपद् शासनको सुदृढिकरण (PR 2: Strengthening Disaster Governance) | स्थानीय, प्रादेशिक र राष्ट्रिय सबै तहमा पूर्वाधार योजना, विकास र व्यवस्थापनमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरणलाई वढावा दिईने |
| | विपद् जोखिम न्यूनीकरण सम्वन्धी गतिविधिहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुरुप ऐन,  र नियमहरूको तर्जुमा, खारेजी वा संशोधन गरी उपयुक्त कानूनी वातावरण तयार पार्ने |
| | प्रभावकारी विपद् जोखिम व्यवस्थापन र श्रोत बांडफांडका लागि निकायहरू भित्र र बीच समन्वय, सहकार्य र सहयोगको बढावाका निम्ति व्यवस्था मिलाउने |
| प्राथमिकता ३: परिष्कृत उत्थान्शिलताका लागि विपद् जोखिम न्यूनीकरणको वित्तपोषण (PR3: Funding DRR for enhaned Resillience) | स्थानीय, प्रादेशिक र राष्ट्रिय स्तरमा विपद् जोखिम न्यूनीकरणका गतिविधिहरू कार्यान्वयनका लागि समर्पित वित्तपोषण संयन्त्रको व्यवस्था गर्ने |
| | विपद्को समयमा वित्तीय बोझ घटाउन जोखिम हस्तान्तरण संयन्त्र (risk transfer mechanism) को व्यवस्था गर्ने |
| | पुनर्निर्माण एवम् विपद् जोखिम न्यूनीकरणका अन्य गतिविधिहरूमा व्यवसायिक सामाजिक जिम्मेवारी (CSR) जस्ता माध्यमबाट निजी क्षेत्रबाट वित्तिय श्रोतको परिचालनलाई प्राथमिकता दिईने |
| | भविष्यमा हुन सक्ने विपद् जोखिम घटाउन पूर्वाधारहरूको सवलीकरणका लागि सार्वजनिक, निजी एवम् अन्तर्राष्ट्रीय श्रोतबाट समेत वित्तपोषणको व्यवस्था मिलाउने कार्यलाई बढावा दिने |
| प्राथमिकता ४: प्रभावकारी प्रतिकार्य, पुनर्लाभ र पुनर्निर्माण (अझ राम्रो निर्माणर हरित विकास) का लागि विपद् पूर्वतयारीको सुदृढिकरण (PR4: Enhancing Disaster | स्थानीय, प्रादेशिक र राष्ट्रिय स्तरमा विभिन्न सरोकारवालाहरू बीच शिक्षा र सचेतना को प्रवाहमा जोडदिने |
| | स्थानीय, प्रादेशिक र राष्ट्रिय स्तरमा प्रारम्भिक चेतावनी प्रणालीको विकास वा स्तरोन्नति गर्ने |
| | अझ राम्रो निर्माण एवम् हरित (build back better and greener) विकासको सिद्धान्त अनुरुप पुनर्लाभ र प्रतिकार्यको व्यवस्था स्थापित गर्ने |
| | समुदायमा आधारित विपद् जोखिम व्यवस्थापनलाई प्रोत्साहन गर्ने |

| | |
|---|---|
| Preparedness for effective response, recovery and reconstruction -Build Back Better and Greener) | |

## ७. रणनीतिक कार्ययोजना (Strategic Action Plan)

माथि उल्लिखित इच्छित उद्देश्य र लक्ष्य प्राप्त गर्न प्रत्येक प्राथमिकता क्षेत्रमा रणनीतिक गतिविधि पहिचान गरी सूचीबद्ध गरिएको छ। साथै, प्रस्तावित गतिविधिहरूलाई, कार्य पूरा गर्न लाग्ने आवश्यक समय सीमाका आधारमा अल्पकालिन अवधि (३ वर्षभित्र सम्पन्न हुने), मध्यम अवधि (३ देखि ७ वर्ष लाग्ने) र दीर्घकालिन अवधिका (७ देखि १५ वर्ष लाग्ने) गतिविधिहरुमा वर्गीकृत गरिएको छ । श्रोत बांडफांड संयन्त्र अनुरुप आयोजनाहरूको वित्तपोषण गरिनेछ जस अनुसार अनुमानित लागत सरकार (केन्द्र सरकार, प्रदेश सरकार, स्थानीय तह), निजी क्षेत्र, वाह्य विकास साझेदार (EDPs) एवम् स्थानीय विकास साझेदार (LDPs) ले व्यहोर्ने छन् । प्राथमिकता १, प्राथमिकता २, प्राथमिकता ३ र प्राथमिकता ४ का लागि विस्तृत रणनीतिक कार्य योजना क्रमशः तालिका ६ देखि ९ सम्ममा प्रस्तुत गरिएको छ।

प्राथमिकता १: विपद् जोखिम न्यूनीकरणको बुझाई (PR 1: Understanding DRR): पूर्वाधारको स्थान, डिजाइन, निर्माण, सम्भार एवम् संचालनका विषयमा सुसूचित निर्णय लिन विभिन्न प्राकृतिक एवम् मानवनिर्मित विपद्हरूप्रति पूर्वाधार कसरी सम्मुख छन्, तिनको बारेमा पूर्वाधार विकाससंग सम्वन्धित संस्थाहरू जानकार हुन आवश्यक छ । यसका लागि बहु(प्रकोप वा एकल प्रकोपको जोखिमको स्तर (अति, मध्यम, कम) का दृष्टिले संकटासन्नटा मूल्यांकन, जोखिम मानचित्रांकन र क्षेत्रविभाजन गर्नु आवश्यक छ। सो अनुसार रणनीतिक कार्य योजना तैयार पारी तालिका ६ मा प्रस्तुत गरिएको छ।

प्राथमिकता २: विपद् शासनको सुदृढिकरण (PR 2: Strengthening Disaster Governance): विपद् शासनको सुदृढिकरणलाई विश्वव्यापी वा राष्ट्रिय स्तरको विपद् जोखिम न्यूनीकरण अभ्यासको मेरुदण्डको रुपमा मानिन्छ। यूएनडीपीको परिभाषा अनुसार विपद् जोखिम शासन भन्नाले विपद् एवम् जलवायु सम्वन्धी जोखिमहरूको व्यवस्थापन र न्यूनीकरण गर्न समुदाय, राष्ट्रिय एवम् क्षेत्रीय स्तरमा सार्वजनिक निकायहरू, निजामती कर्मचारी, मिडिया, निजी क्षेत्र र नागरिक समाजबीच हुने सहयोगको तरिका भन्ने बुझिन्छ (यूएनडीपी, सन् २०१३)। यसको मतलब विपद्को रोकथाम गर्न, यसबाट तयार रहन, यसको व्यवस्थापन गर्न र विपद् पश्चात पुनर्लाभ लिन पर्याप्त मात्रामा क्षमता र श्रोतसाधनको सुनिश्चितता हुनुपर्ने भन्ने बुझ्नु पर्छ । साथै, विपद् जोखिम शासन अन्तर्गत नागरिकलाई आफ्ना सरोकारका विषय राख्न, कानूनी अधिकार र जिम्मेवारीको अभ्यास गर्न, र मतभेदका बारेमा विमर्श गर्न आवश्यक संयन्त्र, संस्था र प्रक्रियाहरू समाविष्ट रहेको हुन्छ। सेन्दाई फ्रेमवर्क अनुसार विपद् जोखिम शासन भन्नाले विकास योजनाका विभिन्न तहमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहिकरण, प्रष्ट दूरदृष्टि, योजना, निर्देशिका, संस्थाहरूका साथै निकायहरू भित्र र बीच श्रोत एवम् जानकारी आदानप्रदानका लागि सहभागिता, सहकार्य र समन्वय भन्ने बुझिन्छ। सो अनुसार रणनीतिक कार्य योजना तैयार पारी तालिका ७ मा प्रस्तुत गरिएको छ।

प्राथमिकता ३: परिष्कृत उत्थानशिलताका लागि विपद् जोखिम न्यूनीकरणको वित्तपोषण (PR3: Funding DRR for enhaned Resillience): यस प्राथमिकता अन्तर्गत मूलतः वार्षिक बजेटको माध्यमबाट विपद् जोखिम न्यूनीकरणका प्रयासहरूका लागि वित्तपोषण संयन्त्रको विकास गरी सम्वन्धित विभागमा आपतकालीन अवस्थाका लागि समर्पित कोषको विकास गर्ने ध्येय राखिएको छ। यसका साथै व्यक्तिगत वा संस्थाहरूलाई विपद् जोखिम एवम् जलवायु परिवर्तन प्रति समानुकुलित पूर्वाधार, भवन निर्माण, सवलीकरण एवम् मर्मतसम्भार कार्यहरूप्रति आकर्षित गर्न कर, नगद प्रोत्साहन लगायत जोखिम हस्तान्तरणमा जोड दिइएको छ। तदनुसार तालिका ९ मा एक रणनीतिक कार्य योजना बनाइ प्रस्तुत गरिएको छ।

प्राथमिकता ४: प्रभावकारी प्रतिकार्य, पुनर्लाभ र पुनर्निर्माण (अझ राम्रो निर्माणर हरित विकास) का लागि विपद् पूर्वतयारीको सुदृढिकरण (PR4: Enhancing Disaster Preparedness for effective response, recovery and reconstruction -Build Back Better and Greener): यस प्राथमिकता अन्तर्गत परिष्कृत पूर्वतयारी एवम् जोखिम न्यूनीकरणका लागि विभिन्न सरोकारवालाहरूबीच जागरण, प्रारम्भिक चेतावनी प्रणाली, डिटेक्टर र अलार्म (घन्टी)को व्यवस्था लगायत निकासी मार्ग (evacuation route) र जम्मा हुने स्थल (gathering places)को व्यवस्था पर्दछ। खोज, उद्दार र राहत (SAR) का अलावा उच्च उत्थानशिलताका लागि वहन क्षमता बढाउन अझ राम्रो निर्माणरहरित विकासमा आधारित पुनर्निर्माणलाई जोड दिइएको छ। तदनुसार तालिका ९ मा एक रणनीतिक कार्य योजना बनाइ प्रस्तुत गरिएको छ।

## पूर्वाधार बिषयगत रणनीतिक कार्ययोजना

### तालिका ६: प्राथमिकता १ -  विपद् जोखिम न्यूनीकरणको बुझाई

| नीति | रणनीतिक कार्य | अपेक्षित परिणाम (लक्ष्य) | प्रकार<br>अल्प /मध्य /दीर्घ) | समयावधि (वर्ष) | जिम्मेवार संस्था | सहयोगी संस्था | परिमाण<br>इकाई | <br>परिमाण | टिप्पणी |
|---|---|---|---|---|---|---|---|---|---|
| संकटासन्नटा मूल्यांकन र जोखिम चित्रांकनको आधारमा पूर्वाधारहरुको योजनातर्जुमा, डिजाइन र व्यवस्थापनगर्ने निर्णयहरु गर्ने गराउने अभिप्रेरित गर्ने | सबै प्रमुख बाढी, पहिरो र आगलागी सम्भाव्य स्थानको प्रकोप मूल्यांकन र क्षेत्रविभाजन सम्वन्धी नक्सा तयार गर्ने | बहु प्रकोप मूल्यांकन को क्षेत्रविभाजन नक्सा तयार भएको (प्रदेश स्तरको एटलस तयार भएको) हुनेछ | अल्परमध्यम | ५ | जलउत्पन्न प्रकोप व्यवथापन विभाग | शहरी विकास तथा भवन निर्माण विभाग तथा अन्य सरोकारवाला निकायहरू | संख्या | ७ | |
| | विद्यमान र प्रस्तावित पूर्वाधार स्थलको संकटासन्नटा मूल्यांकन, प्रकोप मानचित्रांकन र जोखिम मानचित्रांकन तयार गर्ने | पूर्वाधारको जोखिम अवस्थाको मूल्यांकन नक्सा तयार भएकोहुनेछ | | ५ | संबन्धित मन्त्रालयहरु | संबन्धित विभागहरु | संख्या | ३५ | |
| | प्राकृतिक र मानवनिर्मित सम्पदास्थलको जोखिम मूल्यांकन गर्ने | सम्पदास्थलको जोखिम प्रतिवेदन तथा नक्सा तयार भएकोहुनेछ | अल्प/मध्यम | ५ | पुरातत्व विभाग | शहरी विकास तथा भवन निर्माण विभाग, जलउत्पन्न प्रकोप व्यवथापन विभाग लगायत अन्य विभागहरु | संख्या | ५० | |
| | नगरपालिकाहरूको जोखिम संवेदनशील भू(उपयोग योजना र संशोधित मापदण्डको तर्जुमा र अनुमोदन | हरेक नगरपालिकाको जोखिम संवेदनशील भू( उपयोग योजना तयारभई मापदण्डमा समावेश भएकोहुनेछ | अल्प/मध्यम | ५ | शहरी विकास तथा भवन निर्माण विभाग | नगरपालिकाहरू | संख्या | २९३ | |
| | तराई, पहाड र हिमालका लागि नमूना मापदण्डको तर्जुमा र अनुमोदन गर्ने | नमुना भवन मापदण्ड तयार भएकोहुनेछ | अल्प | १ | शहरी विकास तथा भवन निर्माण विभाग | नगरपालिकाहरू | संख्या | ३ | |
| | नयाँ भवन मापदण्डको तर्जुमा र | हरेक नगरपालिकाका लागि | अल्प | २ | नगरपालिकाहरू | शहरी विकास तथा भवन | संख्या | २९५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनुमोदन गर्ने | भवन मापदण्ड तयार भएकोहुनेछ | | | | निर्माण विभाग | | | |
| | प्रत्येक प्रदेश र पारिस्थितिक क्षेत्रमा जलउत्पन्न, जलवायु प्रेरित विपद् जोखिम न्यूनीकरणका लागि चल समयमा आधारित हाइड्रोलोजिकल र मौसम विज्ञान अवलोकन प्रणालीको विकास गर्ने | १५ अवलोकन स्टेशन र सूचना केन्द्र स्थापना भएकोहुनेछ | मध्यम | ५ | जल तथा मौसम विभाग | | संख्या | २९५ | |
| | संकटासन्नटा मूल्यांकन, प्रकोप मानचित्रांकन, जोखिम मानचित्रांकन, जोखिम संवेदनशील भू(उपयोग योजना, विपद् प्रभाव मूल्यांकन जस्ता विधिहरू सम्वन्धी सरोकारवाला र पेशाकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रम गर्ने | तालिमप्राप्त जनशक्तिको विकास भएकोहुनेछ (हरेक प्रदेशमा १० वटा तालिम) | अल्प/मध्यम | ५ | सम्वन्धित विभागहरू | | तालिम संख्या | ७० | |
| | प्रत्येक जिल्लामा महत्वपूर्ण पूर्वाधार र आवासको बहु(मानक जोखिम मूल्यांकन गर्ने | महत्वपूर्ण पूर्वाधारको जोखिम अवस्थाको मुलयांक भएकोहुनेछ | अल्प | ३ | शहरी विकास तथा भवन निर्माण विभाग | अन्य विभागहरू | संख्या | ७५ | |
| आवास लगायतका विभिन्न पूर्वाधारको योजनातर्जुमा, डिजाइन र निर्माणका लागि मापदण्डहरू, मानकहरू र संहिताहरूको विकास वा पुनरावलोकन तथा तिनको प्रसार र कार्यान्वयनमा जोडदिइने | विपद् जोखिम न्यूनिकरणका लागि नयाँ प्रविधिहरू समाविष्ट पूर्वाधारको डिजाइन गर्न नयाँ कोडहरू र मानकहरूको विकासगर्ने | नयाँ कोड/ मानक/प्रविधि तयार भएको | अल्प /मध्यम /दीर्घ | १५ | विश्वविधालय तथा अनुसंधान केन्द्र हरु | पुर्वाधार सम्वन्धित विभागहरू | संख्या | ५ | |
| | पूर्वाधार योजना, डिजाइन र निर्माणका लागि विद्यमान मानदण्डहरू र मानकहरू (राष्ट्रिय भवन संहिता, भूकम्प कोड, योजना नर्म्स)को पुनरावलोकन र संशोधनग्रने | परिष्कृत कोड, मानक, निर्देशिका आदि तयार भएको हुनेछ (२० वटा) | अल्प | ३ | विश्वविधालय तथा अनुसंधान केन्द्र हरु | पुर्वाधार सम्वन्धित | संख्या | २० | |
| | आयोजना चयन मापदण्डमा विपद् प्रभाव मूल्यांकन विधिको विकास र कार्यान्वयन गर्ने | विपद् प्रभाव मूल्यांकन विधिको विकास तथा प्रचार भएको हुनेछ | अल्प | २ | शहरी विकास तथा भवन निर्माण विभाग | जलउत्पन्न प्रकोप व्यवथापन विभाग लगायत अन्य विभागहरू | संख्या | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | विपद् प्रभाव मूल्यांकन विधि संवन्धि तालिम संचालन गर्ने | विपद् प्रभाव मूल्यांकनगर्ने जनशक्तिको विकासभएकोहुनेछ | अल्प | २ | सम्वन्धित विभागहरू | | संख्या | ३ | |
| स्थानीय, प्रादेशिक, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा विपद् जोखिम न्यूनीकरणका विविध पक्षहरू सम्वन्धी निकाय भित्र र निकायहरू बीच तथ्यांक एवम् जानकारीको आदान प्रदानलाई बढावा दिने तथा तिनको प्रसार गर्ने | निकायगत र निकायबीच जानकारी आदानप्रदानका लागि संयन्त्र निर्माण र प्रयोग गर्ने | स्थानीयर प्रदेशरकेन्द्रस्तरमा प्लेटफर्म र संयन्त्रको निर्माण भएकोहुनेछ | मध्यम | ३ | गृह मन्त्रालय | अन्य विभागहरू | संख्या | १ | |
| | सबै स्तरमा जानकारी उपलव्ध गर्न गराउन प्रत्येक सम्बन्धित विभागमा केन्द्रिय (सम्पर्क) व्यक्तिको नियुक्ति गर्ने | सम्पर्क व्यक्तिको न्युक्ति भएकोहुने | अल्प | १ | गृह मन्त्रालय | अन्य मन्त्रालय | | | |
| | इलेक्ट्रोनिक, प्रिन्ट र एफएम रेडियो प्रविधिको प्रयोग गरी धेरै जनतामा विपद् जोखिम न्यूनीकरण सम्वन्धी जानकारीको प्रवाह गर्ने | सुचना सामग्रिहरुको विकास भएको, जागरुकता अभियान संचालन भएको तथा स्थानिय जनतामा जागरुक्ता बढको हुनेछ | अल्प /मध्यम /दीर्घ | ३ | गृह मन्त्रालय | अन्य मन्त्रालय | | | |
| | स्कूल र विश्वविद्यालयको पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहिकरणगर्ने | पाठ्यक्रमको पुनरावलोकन तथा बिकास भएको हुनेछ | अल्प /मध्यम | ५ | शिक्षा विभाग | विश्वविद्यालय | संख्या | | |
| | विपद् जोखिम न्यूनीकरण क्षेत्रमा काम गर्ने निकायहरूको परिमाण, क्षेत्र र भौगोलिक प्रभावक्षेत्र सहितको विवरण सहित नक्सांकन गर्ने | निकायहरुको अभिलेख तयार भएको हुनेछ | अल्प | ३ | गृह मन्त्रालय | अन्य विभागहरू | संख्या | ७ | |
| निर्माण प्रविधि, सामाग्री, पूर्वाधारको डिजाइन र व्यवस्थापनमा नवीन सोच | वैकल्पिक निर्माण सामाग्री र सुधारिएको प्रविधि सम्वन्धी अनुसन्धान तथा विकास गर्ने | नयाँसुधारिएको प्रविधिको बिकास भएको हुमेछ | अल्परमध्यमरदीघ | ५ | विश्वविद्यालय र ई.अ.सं. | शहरी विकास तथा भवन निर्माण विभाग, जलउत्पन्न प्रकोप व्यवथापन विभाग | संख्या | १० | |
| | विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकुलनका मुद्दा, समस्या र समाधान | नयाँ प्रविधि तथा प्रणालिको | अल्प र मध्यम र | ५ | विश्वविद्यालय | शहरी विकास तथा भवन निर्माण विभाग, | संख्या | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ल्याउन अनुसन्धान गर्ने | माथि अनुसन्धान र विकास गर्ने | को बिकास भएको हुनेछ | दीर्घ | | र ई.अ.सं. | जलउत्पन्न प्रकोप व्यवथापन विभाग | | | |
| | प्रत्येक विकास क्षेत्रको प्रत्येक भौगोलिक उपक्षेत्रको लागि MRT मा आधारित भवनको मानक डिजाइन र नक्सा (१० प्रकार, १५ स्थान) तयार गर्ने | नमूना नक्सा तयारभई प्रकाशन भएकोहुनेछ | अल्प | ५ | शहरी विकास तथा भवन निर्माण विभाग | ई.अ.सं., नेपाल इन्जिनियर्स एसोसिएसन र सोना | संख्या | १५० | |
| | पूर्वाधार क्षेत्रमा कार्यरत प्रत्येक निकायका लागि कार्यसंचालन प्रक्रिया (क्इए) निर्देशक पुस्तिका तयार गर्ने | कार्यसंचालन प्रक्रिया (क्इए) तयार भएको हुनेछ | अल्प | ३ | सम्वन्धित विभागहरू | नगरपालिकाहरू | संख्या | १० | |

तालिका ७: प्राथमिकता २ ( विपद् शासनको सुदृढिकरण)

| नीति | रणनीतिक कार्य | प्रकार अल्प /मध्य /दीर्घ) | अपेक्षित परिणाम ( लक्ष्य) | समयावधि ( वर्ष) | जिम्मेवार संस्था | सहयोगी संस्था | परिमाण | | टिप्पणी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | इकाई | परिमाण | |
| स्थानीय, प्रादेशिक र राष्ट्रिय सबै तहमा पूर्वाधार योजना, विकास र व्यवस्थापनमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण गर्ने | आयोजना छनौटका लागि विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन सम्वन्धी मापदण्ड विकास गर्ने (आयोजना मूल्यांकन फाराम र निर्देशिकाहरूको संशोधन गर्ने) | अल्प | निर्देशिका तथा मापदण्ड पुनरावलोकन् निर्माण भएको | ३ | गृह मन्त्रालय | शहरी विकास तथा भवन निर्माण विभाग, जलउत्पन्न प्रकोप व्यवथापन विभाग | संख्या | ७ | |
| | स्कूल र अस्पतालमा विपद् जोखिम न्यूनीकरण समितिको स्थापना गर्ने (५X७५) | मध्यम | समिति गठन भएकोहुन | ५ | स्वास्थ्य मन्त्रालयर शिक्षा मन्त्रालय | | संख्या | ३७५ | |
| | सबै नगरपालिका र गाउँपालिकामा विपद् जोखिम व्यवस्थापन समिति र आपातकालीन परिचालन केन्द्र (EOCs) को स्थापना गर्ने | मध्यम | समिति गठन भएकोहुने | ५ | स्थानीय विकास तथा संघीय मामिला मन्त्रालय | नगरपालिका र गाउँपालिका | संख्या | ७५३ | |
| | प्रत्येक नगरपालिकामा भवन निर्माण संहिताको कार्यान्वयनका लागि निर्माण अनुमति विभाग ( Building Permit section) मा परामर्श केन्द्रको स्थापना गर्ने | मध्यम | परामर्श केन्द्रको स्थापना भएको हुने | ५ | नगरपालिका | शहरी विकास तथा भवन निर्माण विभाग | संख्या | २९३ | |
| | सबै नगरपालिका र गाउँपालिकामा आपतकालीन अवस्थाका लागि खाना, औषधी र अन्य सामग्री भण्डारणको निम्ति संयन्त्र निर्माण गर्ने | दीर्घ | भण्डारण सुविधा तथा संयन्त्र निर्माण भएकोहुन | १० | स्थानीय तह (सरकार) | शहरी विकास तथा भवन निर्माण विभाग | संख्या | ७५३ | |
| | जोखिम मूल्यांकनका आधारमा प्रमुख नदी बेसिनमा नदी व्यवस्थापन र जलाधार संरक्षणका लागि रणनीतिक कार्ययोजनाको विकास गर्ने | अल्प | कार्ययोजना तयार भएकोहुने | ३ | जलउत्पन्न प्रकोप व्यवथापन विभाग | सिंचाई विभाग | संख्या | ५ | |
| | हिमताल प्रस्फुटनजन्य बाढी (नेइँ)को व्यवस्थापनका | दीर्घ | तल्लो भेगमा | १५ | जलउत्पन्न प्रकोप | सिंचाई विभाग | संख्या | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लागि व्यवस्थाको विकास गर्ने (जोखिमयुक्त ताल र तिनको व्यवस्थापनको पहिचान गर्ने) | | जोखिममा कमी आएकोहुने | | व्यवथापन विभाग | | | | |
| | राष्ट्रिय सम्पदास्थल र संरक्षण क्षेत्रमा बाढी, पहिरो जस्ता विपद् जोखिम न्यूनीकरणका लागि सिमा संयन्त्रलाई प्रोत्साहन गर्ने | दीर्घ | कार्ययोजना तयारभई कार्यान्वयन भएको हुने | १५ | जलउत्पन्न प्रकोप व्यवथापन विभाग | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | संख्या | १० | |
| विपद् जोखिम न्यूनीकरण सम्वन्धी गतिविधिहरू को प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुरुप ऐन, मापदण्ड र नियमहरूको तर्जुमा, खारेजी वा संशोधन गरी उपयुक्त कानूनी वातावरण तयार पार्ने | भवन ऐन र नियमावलीको पुनरावलोकन र संशोधन गर्ने | मध्यम | ऐन र नियमावलीमा संशोधन भएको | | शहरी विकास मन्त्रालय | शहरी विकास तथा भवन निर्माण विभाग | संख्या | २ | |
| | विपद् जोखिम न्यूनीकरणका सम्पूर्ण पक्ष समेट्न वृहद विपद् जोखिम न्यूनीकरण ऐन तर्जुमा गरी लागू गर्ने | अल्प | नयाँ ऐन लागु भएको | १ | गृह मन्त्रालय | शहरी विकास मन्त्रालय | संख्या | १ | |
| | मुख्य पूर्वाधारहरू(अस्पताल भवन, स्कुल भवन, औद्योगिक भवन, आवासीय भवन, आवासीय भवनहरू, पावर स्टेशन र उप(स्टेशन, हाइड्रोलिक संरचना, सम्पदा भवन, होटल भवन, अपार्टमेन्ट, आदि) का लागि सवलीकरण निर्देशिकाको विकास गर्ने | मध्य | निर्देशिका तयार भएको | ५ | शहरी विकास तथा भवन निर्माण विभाग | विश्वविद्यालय र ई.अ.सं | संख्या | १२ | |
| | विभिन्न प्रकार र समूहका सबै सार्वजनिक र सरकारी भवनहरूको सवलीकरण प्रदर्शन गर्ने (२०x७५ जिल्लाहरूमा) | दीर्घ | सवलिकृत भवनको निर्माण भएको | १५ | शहरी विकास तथा भवन निर्माण विभाग | प्रदेश सरकार | संख्या | १५०० | |
| | स्वास्थ्य भवनहरूको सवलीकरण (५ प्रति जिल्ला) गर्ने | दीर्घ | सवलिकृत अस्पताल निर्माण भएको | १० | स्वास्थ्य मन्त्रालय | शहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय तह (सरकार) | संख्या | ३७५ | |
| | स्कूल भवनहरूको सवलीकरण (३ प्रति स्थानीय तह)गर्ने | दीर्घ | सवलिकृत विद्यालय निर्माण भएको | १० | शिक्षा मन्त्रालय | शहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय तह (सरकार) | संख्या | २२५९ | |
| | निजी भवनको सवलीकरणका निम्ति प्रोत्साहनका उपायहरुको खोजी तथा प्रदान गर्ने (७ह१००) | दीर्घ | निजि भवनहरुको सवलिकरण भएको | १० | शहरी विकास तथा भवन निर्माण विभाग | स्थानीय तह (सरकार) | संख्या | ७०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १० | | | | | | | | |
| | शहरी भित्री क्षेत्र र स्लम बस्तीका लागि पुनर्जीवण योजनाहरूको प्रदर्शन (२ह७) गर्ने | दीर्घ | कम जोखिमयुक्त बस्तीहरुको विकास भएको | १५ | स्थानीय तह (सरकार) | शहरी विकास तथा भवन निर्माण विभाग | संख्या | १४ | |
| | विमानस्थलको सवलीकरण | दीर्घ | जोखिममा कमी आएको | १० | नागरिक उड्डयन प्राधिकरण | पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालय | संख्या | ७ | |
| | जलविद्युत् स्टेशनको सवलीकरण (१ह५) गर्ने | मध्यम | सवलिकृत पावर स्टेशनहरु | ५ | उर्जा मन्त्रालय | नेपाल विधुत प्राधिकरण | संख्या | ५ | |
| | विद्युतीय सबस्टेशनको सवलीकरण (५X७) गर्ने | मध्यम | सवलिकृत सबस्टेशनहरु | ५ | उर्जा मन्त्रालय | नेपाल विधुत प्राधिकरण | संख्या | ३५ | |
| | पैदलमार्ग र यसको मापदण्डका लागि विद्यमान निर्देशिकाको पुनरावलोकन र सुधार गर्ने | अल्प | सुधारिएको, नयाँ मापदण्डको विकास भएका | ३ | पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल पर्यटन बोर्ड | संख्या | १ | |
| | विमान खोजी र उद्धार सम्वन्धी नियमको विकास र लागू गर्ने | मध्यम | जोखिममा कमी आएका | ५ | पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल पर्यटन बोर्ड | संख्या | ६ | |
| प्रभावकारी विपद् जोखिम व्यवस्थापन र श्रोत बांडफांडका लागि निकायहरू भित्र र बीच समन्वय, सहकार्य र सहयोगको | प्रदेश र स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरण पोर्टल स्थापना गर्ने | अल्प | पोर्टल तयारभई प्रयोगमा आएको | २ | प्रदेश सरकार | स्थानीय तह ( सरकार) र गृह मन्त्रालय | संख्या | ७६० | |
| | सूचना साझेदारीको लागि सूचना प्रविधि प्रणालीको स्थापना गर्ने | मध्यम | IMS स्थापना भएको | ५ | प्रदेश सरकार | स्थानीय तह ( सरकार) र गृह मन्त्रालय | संख्या | ७ | |
| | राष्ट्रिय, प्रादेशिक र स्थानीय स्तरमा विपद् व्यवस्थापन संजाल निर्माण गर्न समुदायमा आधारित संस्था, गैरसरकारी संस्था, स्थानीय निकाय र पेशाकर्मी संस्थाहरूको सुदृढिकरण ग्रने | मध्यम | उच्च पूर्वतयारी रहेका | ५ | गृह मन्त्रालय | सरोकारवाला निकाय | संख्या | ७ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बढावाका निम्ति व्यवस्था मिलाउने | प्रत्येक प्रदेशमा शहरी विकास तथा भवन निर्माण अन्तर्गतको डिभिजनल कार्यालयमा  संयुक्त सामग्री परीक्षण ल्याबको स्थापना गर्ने | मध्यम | ल्याबको स्थापना भएको हुने | ५ | शहरी विकास मन्त्रालय | प्रदेश सरकार | संख्या | ७ | |
| | उच्च स्थानको पर्वतारोहण र ट्रेकिङको लागि विपद् व्यवस्थापन र उद्धार केन्द्रको स्थापना गर्ने | मध्यम | जोखिममा कमी आएका | ५ | पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालय | गृह मन्त्रालय | संख्या | ६ | |
| | जिल्ला स्तरमा संयुक्त अनुगमन टोलीको स्थापना गर्ने | अल्प | गतिविधिहरुको अनुगमन भएकोहुने | २ | गृह मन्त्रालय | प्रदेश सरकार | संख्या | ७५ | |

तालिका ८ : प्राथमिकता ३ ( परिष्कृत उत्थान्शिलताका लागि विपद् जोखिम न्यूनीकरणको वित्तपोषण

| नीति | रणनीतिक कार्य | प्रकार अल्प /मध्य /दीर्घ) | अपेक्षित परिणाम (लक्ष्य) | समयावधि (वर्ष) | जिम्मेवार संस्था | सहयोगी संस्था | परिमाण | | टिप्पणी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | इकाई | परिमाण | |
| स्थानीय, प्रादेशिक र राष्ट्रिय स्तरमा विपद् जोखिम न्यूनीकरणका गतिविधिहरू कार्यान्वयनका लागि समर्पित वित्तपोषण संयन्त्रको व्यवस्था गर्ने | केन्द्रीय, प्रादेशिक र स्थानीय सरकार तहमा विपद् जोखिम न्यूनीकरण गतिविधिहरूका लागि समर्पित वित्त संयन्त्र स्थापना गर्ने (पूर्वाधार विकाससंग सम्बन्धित मन्त्रालयहरूमा कूल बजेटको ५५ विपद् जोखिम न्यूनीकरण गतिविधिहरूका लागि छुट्याउने) | अल्प | उत्थानशिल पूर्वाधारका लागि सुनिश्चित कोषको विकास भएकोहुनेछ | २ | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक | संख्या | १ | |
| | पूर्वाधारहरू (सार्वजनिक र निजी भवनहरू, हाइड्रोलिक संरचना, शहरी पूर्वाधारहरू, विद्यालय र अस्पताल, रंगशाला, थिएटरहरू, सपिंग मल आदि) को सवलीकरणका लागि विशेष कोषको सिर्जना गर्ने | मध्यम | सार्वजानिक पूर्वाधारहरु सुरक्षित भएकोहुनेछ | ५ | अर्थ मन्त्रालय | पूर्वाधारसंग सम्वन्धित मन्त्रालय | संख्या | १० | |
| | निजी भवनको सवलीकरणका लागि कम ब्याज दरमा ऋण उपलव्ध गर्ने व्यवस्था मिलाउने | अल्प | पुराना निजि भवनहरुको जोखिम कम भएको हुनेछ | ३ | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक् व्यापारिक बैंकहरु | संख्या | १ | |
| | निजी आवासीय र होटेल, मल जस्ता व्यावसायिक भवनहरूको सवलीकरणका लागि कर प्रोत्साहन प्रदान गर्ने | अल्प | जोखिममा कमी आएकोहुनेछ | ३ | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक् व्यापारिक बैंकहरु | संख्या | १ | |
| | राष्ट्रिय र स्थानीय सम्पदास्थल (भवन, मन्दिर, सामाजिक भवन)को सुदृढिकरणका लागि प्रणाली स्थापना गर्ने | अल्प | सवलीकरण र पुनर्स्थापनाका लागि वित्तको उपलव्धता | ३ | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक् व्यापारिक बैंकहरु | संख्या | १ | |
| | केन्द्रीय, प्रादेशिक र स्थानीय स्तरमा भवन, शहरी संरचना लगायतका पूर्वाधारको पुनर्लाभ र पुनर्निर्माणका लागि कम ब्याज दरको वा ब्याजरहित ऋण उपलव्ध गराउन चक्रिय | मध्यम | | ५ | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक् व्यापारिक बैंकहरु | संख्या | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कोषको स्थापना गर्ने | | | | | | | | |
| विपद्को समयमा वित्तीय बोझ घटाउन जोखिम हस्तान्तरण संयन्त्र (risk transfer mechanism) को व्यवस्था गर्ने | राष्ट्रिय, प्रादेशिक र स्थानीय स्तरमा सबै सार्वजनिक भवनहरूको बीमाको लागि नीति लागू गर्ने | अल्प | विभिन्न बिमानितिहरु अन्तरगत सार्वजानिक भवन, विधालय तथा अस्पतालहरुको विमित भएकोहुनेछ | २ | बिमा कम्पनि | अर्थ मन्त्रालय | संख्या | १ | |
| | सबै विद्यालय र अस्पताल भवनहरूको बीमा गर्ने नीतिलाई बढावा दिने | अल्प | | २ | बिमा कम्पनि | अर्थ मन्त्रालय | संख्या | १ | |
| | महत्वपूर्ण पूर्वाधारहरू (हाइड्रोलिक संरचना, सम्पदा भवन, पुल, खानेपानी तथा ढल निकास प्रणाली, जलविद्युत संरचना, नहर, ट्रांसमिशन लाइन, सबस्टेशन, विमानस्थल)को बीमा गर्ने र सो सम्वन्धी विद्यमान बिमा नीतिको समिक्षा गर्ने | अल्प | बिमा सुविधा उपलब्ध हुनेछ | २ | बिमा कम्पनि | अर्थ मन्त्रालय | संख्या | १ | |
| | राष्ट्रिय भवन संहिता पालना गरेका निजी भवन एवम् सवलिकृत भवन र पूर्वाधारको बिमा शुल्कमा सहुलियत दिने | अल्प | निजि घरहरु सवलीकरण गरिएकोहुनेछ | २ | बिमा कम्पनि | अर्थ मन्त्रालय | संख्या | १ | |
| पुनर्निर्माणएवम्विपद्जोखिमन्यूनीकरणकाअन्यगतिविधिहरूमाव्यवसायिकसामाजिकजिम्मेवारी (CSR) जस्तामाध्यमबाटनिजीक्षेत्रबाटवित्ति्य श्रोतको परिचालनलाई प्राथमिकता दिईने | विपद् जोखिम न्यूनीकरण गतिविधिहरूमा निजी क्षेत्रको स्रोत इरिचालनलाई बढावा दिन कर छुटगरि प्रोत्साहनको व्यवस्था गर्ने | अल्प | पूर्वाधार सम्वन्धी विपद् जोखिम न्यूनीकरणका लागि निजी वित्तको उपलब्धता भएकोहुनेछ | | अर्थ मन्त्रालय | | संख्या | १ | |
| | व्यवसायिक सामाजिक जिम्मेवारी (CSR) अन्तर्गत विपद् पश्चातको पुनर्निर्माणलाई समाहित गर्ने | अल्प | | २ | नेपाल उद्योग वाणिज्य महासंघ | अर्थ मन्त्रालय | संख्या | १ | |
| भविष्यमा हुन सक्ने विपद् जोखिम घटाउन पूर्वाधारहरूको सवलीकरणका लागि सार्वजनिक, निजी एवम् अन्तर्राष्ट्रीय श्रोतबाट समेत वित्तपरिचालनको | विश्व, राष्ट्रिय र स्थानीय सम्पदा भवन र स्थानहरूको पुनर्निर्माणका लागि सार्वजनिक निजी स्रोतपरिचालन प्रणालीको विकास गर्ने | मध्यम | जोखिममा कमी आएकोहुनेछ | ५ | नेपाल उद्योग वाणिज्य महासंघ | अर्थ मन्त्रालय | संख्या | १ | |
| | महत्वपूर्ण पूर्वाधार र सम्पदा भवनहरूको पुनर्निर्माणका लागि द्विपक्षीय र बहु(पक्षीय अन्तर्राष्ट्रीय स्रोतहरुको परिचालन गर्ने | मध्यमरदीर्घ | सवलीकरण र पुनर्स्थापनाका लागि वित्तको उपलब्धताहुनेछ | १० | परराष्ट्र मन्त्रालय | अर्थ मन्त्रालय | संख्या | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| व्यवस्था मिलाउने कार्यलाई बढावा दिने | | | | | | | | | |

तालिका ९: प्राथमिकता ४ ( प्रभावकारी प्रतिकार्य, पुनर्लाभ र पुनर्निर्माण (अफ्न राम्रो निर्माणर हरित विकास) का लागि विपद् पूर्वतयारीको सुदृढिकरण

| नीति | रणनीतिक कार्य | प्रकार<br>अल्प /मध्य /दीर्घ) | अपेक्षित परिणाम ( लक्ष्य) | समयावधि (वर्ष) | जिम्मेवार संस्था | सहयोगी संस्था | परिमाण | | टिप्पणी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | इकाई | परिमाण | |
| स्थानीय, प्रादेशिक र राष्ट्रिय स्तरमा विभिन्न सरोकारवालाहरू बीच शिक्षा र जागरुकता सिर्जना गर्ने | जोखिम न्यूनीकरणका लागि पूर्वाधार मर्मत एवम् संचालनका बारेमा सचेतना अभियान संचालन गर्ने (५X७५ X१५) | निरन्तर | चेतनामा अभिवृधि भएकोहुनेछ | १-१५ | सम्वन्धित विभागहरू | गैससर निजी क्षेत्र | संख्या | ५६२५ | |
| | जोखिम न्यूनीकरणका लागि सम्पदास्थलको मर्मत एवम् संचालनका बारेमा सचेतना कार्यक्रम संचालन गर्ने (२ X७५ X१५) | निरन्तर | जोखिममा कमी आएकोहुनेछ | १-१५ | पुरातत्व विभाग | स्थानीय तह ( सरकार) | संख्या | २२५० | |
| | विपद्को बेला र विपद पश्चातको तयारी र कार्यसंचालन प्रक्रिया (क्इए) का बारेमा राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय स्तरमा नीतिनिर्माता र पेशाकर्मीहरूलाई अभिमुखीकरण (१ X७ X१५) | निरन्तर | नीति तथा रणनितिहरु जोखिम संवेदनशिल हुनेछ | १-१५ | गृह मन्त्रालय | स्थानीय तह ( सरकार) | संख्या | ७५ | |
| | प्रत्येक सार्वजनिक र व्यावसायिक भवनमा निकासी मार्ग (evacuation route) र भेला हुने स्थान (बचभब या बककक्ष्दथि) छुट्याई रेखांकनरसिमांकन गर्ने ( २५x७x१५) | अल्प | सार्वजनिक भवन तथा स्थलहरु विपदकालागि पुर्वतयार हुनेछ | १-१५ | गृह मन्त्रालय | प्रदेश सरकारर स्थानीय तह ( सरकार) | संख्या | २६२५ | |
| | बाढी र पहिरो सम्वन्धी छलफल, तयारीको अभ्यास ८ियअप मचर्षी) र मनसून पूर्व ढल सफाई गर्ने (१ x७५३ x१५) | निरन्तर | जोखिममा कमी हुनेछ | १-१५ | गृह मन्त्रालय | प्रदेश सरकारर स्थानीय तह ( सरकार) | संख्या | ११२९५ | |
| | मुख्य पूर्वाधार संरचना र सेवाहरूमा आगलागी विरुद्ध सचेतना निर्माणका लागि सहयोगी सामग्री (kit) को विकास गर्ने | अल्प | क्षमता अभिवृद्धि भएकोहुनेछ | ३ | सम्वन्धित विभागहरू | | संख्या | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उत्थानशिलता वृद्धिका लागि भवन निर्माण, सवलीकरण र मर्मतसम्भारका बारेमा तालिम पुस्तिका र शिक्षारजानकारी तथा संचारका सामग्रीको विकास र वितरण गर्ने | निरन्तर | क्षमता अभिवृद्धि भएकोहुनेछ | १-१५ | शहरी विकास तथा भवन निर्माण विभाग | विश्वविद्यालयर ई.अ.सं. | संख्या | १० | |
| | सम्पदा भवनको संरक्षण, मर्मतसम्भार र संचालनका बारेमा जानकारी पुस्तक ( handbook) को विकास र कार्यान्वयन गर्ने | मध्यम | उच्च उत्थानशिलता भएकोहुनेछ | ५ | पुरातत्व विभाग | शहरी विकास तथा भवन निर्माण विभाग | संख्या | १ | |
| | ICAO निर्देशन अनुरुप त्रिभुवन विमानस्थल र अन्य विमानस्थलहरूका लागि विपद् तयारी र निकासी योजनाको तर्जुमा र कार्यान्वयन गर्ने | अल्प | उच्च वहन क्षमता भएको हुनेछ | ३ | नागरिक उड्डयन प्राधिकरण | पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालय | संख्या | १ | |
| | सम्पदा संरक्षणमा संलग्न कलाकर्मी र पेशाकर्मीहरूको अभिलेख तयार पार्ने | अल्प | उच्च पुर्व तयारी भएकोहुनेछ | ३ | पुरातत्व विभाग | शहरी विकास तथा भवन निर्माण विभाग | संख्या | १ | |
| | भविष्यको प्रयोगका लागि सामग्री उत्खनन स्थलको पहिचान र संरक्षण गर्ने | निरन्तर | उच्च पुर्व तयारी भएकोहुनेछ | १(१५ | स्थानीय विकास तथा संघीय मामिला मन्त्रालय | स्थानीय तह ( सरकार) | संख्या | ७ | |
| | बाढी, पहिरो र हिमताल प्रस्फुटन कम गर्ने संरचनात्मक र गैर(संरचनात्मक उपायहरूको कार्यान्वयन गर्ने | निरन्तर | उच्च उत्थानशिलता भएकोहुनेछ | १(१५ | जलउत्पन्न प्रकोप व्यवथापन विभाग | सिंचाई मन्त्रालय | संख्या | १५ | |
| | उच्च जोखिम क्षेत्रका लागि आपतकालीन आपूर्ति गोदामहरूको स्थापना गर्ने (१x७५) | मध्यम | उच्च पुर्व तयारी भएकोहुनेछ | छ | गृह मन्त्रालय | स्थानीय तह ( सरकार) | संख्या | ७५ | |
| | पीडितहरूका लागि आकस्मिक आश्रयस्थल र खानेकुराको पहिचागरि व्यवस्था गर्न | निरन्तर | उच्च पुर्व तयारी भएकोहुनेछ | १-१५ | शहरी विकास तथा भवन निर्माण विभाग | स्थानीय तह ( सरकार) | संख्या | ७५ | |
| | जानकारी प्रवाह र जागरण निर्माणका लागि सूचना प्रविधि र एफएम रेडियोको प्रयोगलाई प्रोत्साहन गर्ने | निरन्तर | चेतनामा अभिबृधि उच्च भएकोहुनेछ | १-१५ | शहरी विकास तथा भवन निर्माण विभाग | स्थानीय तह ( सरकार) | संख्या | ७ | |
| स्थानीय, प्रादेशिक र | हिमताल प्रस्फुटन, बाढी र पहिरोका लागि | मध्यम | उच्च वहन क्षमता | ५ | जलउत्पन्न प्रकोप | | संख्या | २२५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय स्तरमा प्रारम्भिक चेतावनी प्रणालीको विकास वा स्तरोन्नति गर्ने | पाँच नदी प्रणालीमा प्रारम्भिक चेतावनी प्रणाली स्थापना गर्ने (३-७५) | | भएकोहुनेछ | | व्यवथापन विभाग | | | | |
| | राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय स्तरमा सबै पूर्वाधार स्थापनाहरूमा धुँवा डिटेक्टर र आगलागी अलार्मको विकास र जडान गर्ने (५-७५) | मध्यम | उच्च वहन क्षमता भएकोहुनेछ | ५ | शहरी विकास तथा भवन निर्माण विभाग | | संख्या | ३७५ | |
| | जनसहभागिता सहित बनविकास ( बाायचभकतबतष्यल) र जैव(इन्जिनियरिंग (दष्यभलनष्लभभचष्लन) लगायतका उपायहरूको कार्यान्वयन गर्ने (७x१५) | निरन्तर | जोखिममा कमी भएकोहुनेछ | १-१५ | जलउत्पन्न प्रकोप व्यवथापन विभाग | | संख्या | १०५ | |
| | बाढी, पहिरो, आगलागीका लागि इकोसिस्टममा आधारित विपद् जोखिम न्यूनीकरणका उपायहरू (जस्तैः जलभण्डारण तलाउको निर्माण, चुरेभावर क्षेत्रको संरक्षण) को विकास र कार्यान्वयन गर्ने | निरन्तर | जोखिममा कमी भएकोहुनेछ | १-१५ | जलउत्पन्न प्रकोप व्यवथापन विभाग | | संख्या | १०५ | |
| अझ राम्रो निर्माण एवम् हरित विकासको सिद्धान्त अनुरुप पुनर्लाभ र प्रतिकार्यको व्यवस्था स्थापित गर्ने | विपद् पश्चातको पुनर्लाभ र पुनर्निर्माणगर्नको लागि प्रणाली विकास गर्ने | अल्प | प्रणालिको विकास भएकोहुनेछ | ३ | शहरी विकास तथा भवन निर्माण विभाग | | संख्या | १ | |
| | विपद् प्रभावित परिवारको पुनर्वास र पूर्वाधारको पुनर्स्थापनाका लागि पुनर्वास निर्देशिका तयार पारी कार्यान्वयन गर्ने | अल्प | निर्देशिका तयारभई कार्यान्वयन भएकोहुनेछ | ३ | शहरी विकास तथा भवन निर्माण विभाग | विश्वविद्यालयर ई.अ.सं. | संख्या | १ | |
| | स्थानीय प्रविधि, विज्ञता, सामग्री र अभ्यासहरूसँग मेल खाने उत्थानशिलता सम्वन्धी प्रविधिको विकास र प्रयोग गर्ने | मध्यम | स्थानिय प्रविधिहरुमा सुधार तथा नया प्रविधिको विकास भएकोहुनेछ | ५ | शहरी विकास तथा भवन निर्माण विभाग | विश्वविद्यालयर ई.अ.सं. | संख्या | ७ | |
| | उच्च उत्थानशिलताका लागि सबै पुनर्निर्माणका काममा अझ राम्रो निर्माणर हरित निर्माणको सिद्धान्त अवलम्वन गर्ने | निरन्तर | जोखिममा कमी भएकोहुनेछ | १(१५ | गृह मन्त्रालय | शहरी विकास तथा भवन निर्माण विभाग | संख्या | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पूर्वाधार र भवनहरूको पुनर्निर्माणमा निर्माण संहिताको पालना गराउने र निर्माण सामग्रीको गुणस्तर सुनिश्चित गर्ने, र यसका लागि संयुक्त अनुगमनको व्यवस्था मिलाउने | निरन्तर | जोखिममा कमी भएकोहुनेछ | १(१५ | सम्वन्धित विभागहरू | | संख्या | ७५ | |

## ८. पूर्वाधार विषयगत रणनीतिक कार्ययोजनाका लागि वित्तपोषण (Financing Strategic Action Plan of Infrastructure theme)

विपद् जोखिम न्यूनीकरण पूर्वाधार विषयको लागि रणनीतिक कार्य योजनाको कार्यान्वयनका लागि निम्न तरिकाहरुबाट वित्तपोषण गरिनेछ:

- बाह्य विकास साझेदारहरू (द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरू) र स्थानीय विकास साझेदारहरू (निजी संस्थाहरू, नेपाल उद्योग वाणिज्य महासंघ) सहित केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय तहको सरकारबीच सहकार्यमा आधारित वित्तपोषण
- केन्द्र, प्रदेश र स्थानीय तहमा पूर्वाधार विकासका हरेक विभाग (DUDBC, DWIDP, DOI, DOH, DOIT, DOT) मा समर्पित विपद् जोखिम न्यूनीकरण कोषको व्यवस्था
- राष्ट्रिय योजना, प्रादेशिक योजना र नगरपालिका योजना र बजेट आवंटनमार्फत् वित्तपोषण
- ठुलो विपद् पश्चातको पुनर्निर्माण र पुनर्वासका लागि हरेक विभागमा बजेट आवंटन उपयोगको सुविधा
- बीमा सुविधाहरूको व्यापक कवरेज र पहुँचमा सहजताका साथै विपद् पश्चातको दावीहरूको द्रुत फर्छ्यौट
- भवन निर्माण संहिताको पालना र अझ राम्रो निर्माण तथा हरित विकास अवधारणामा आधारित सवलीकरणका लागि कर प्रोत्साहन
- विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका गतिविधिहरूको वित्तपोषणका लागि पेट्रोलियम उत्पादनहरूमा कर र लेभी
- अन्तर्राष्ट्रिय गैसस र संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरू लगायतबाट सहायता
- CSRर अन्य पहलहरू मार्फत निजी क्षेत्रबाट सहायता
- नेपाल उद्योग वाणिज्य महासंघ र अन्य स्थानीय साझेदारहरूबाट सहयोग
- Global Climate financing mechanism, हरित जलवायु कोष (Green Climate Fund)

## ९. अनुगमन, मूल्याङ्कन, समिक्षा एवम् सुधार (Monitoring, Evaluation, Review and Revision)

उत्थानशिल समुदायको निर्माणमा केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहका संस्थाहरूको निर्दिष्ट र विशिष्ट भूमिका रहेको हुनाले ती संस्थाहरूको गुणात्मक एवम् परिमाणात्मक कार्यसम्पादनमा नै विपद् जोखिम न्यूनीकरण कार्ययोजनाको कार्यान्वयन र यसको प्रभावकारिता भर पर्दछ। यसको लागि विभिन्न स्तरमा अनुगमनको आवश्यकता पर्दछ। यसबाहेक, सिद्धान्तस् स्वतन्त्र र निष्पक्ष मूल्यांकनका लागि तेस्रो पक्षद्वारा अनुगमन गर्नुपर्ने हुन्छ। यस कार्ययोजनामा नपरेका नयाँ गतिविधिहरूलाई ज्ञानको निर्माण, अनुगमन र मूल्यांकनका निम्ति उचित प्राथमिकता अन्तर्गत राख्नु पर्दछ। यस सन्दर्भमा तेस्रो पक्षको रिपोर्टिंग र संस्थागत रिपोर्टिङ प्रणाली सहित राष्ट्रिय, केन्द्रीय, प्रादेशिक, जिल्ला र स्थानीय स्तरमा एक अनुगमन व्यवस्थाको परिकल्पना गरिएको छ। छोटो अवधिको लागि परामर्शदाता नियुक्त गरेर तेस्रो पक्षको अनुगमन अवधारणालाई मूर्त रुप दिइनेछ। केन्द्रिय र प्रदेश स्तरका सम्वन्धित समितिहरूमा वार्षिक

प्रतिवेदन प्रस्तुत गरिनेछ भने जिल्ला र स्थानीय स्तरमा अर्ध(वार्षिक प्रतिवेदन पेश गरिनेछ। साथै विभागहरूले भने अनलाइन टेम्प्लेट प्रयोग गरी मासिक प्रगति विवरण पेश गर्ने छन्।

१०निष्कर्ष

मानवीय क्षति र अन्य नोक्सानीहरूसंगै पूर्वाधारहरू पनि विपद्को शिकार बन्दै आएको छ। विपद् जोखिम न्यूनीकरणका गतिशील पक्षहरूको बुझाईबाट प्रष्ट हुन्छ कि उत्थानशिल पूर्वाधारको निर्माणले अन्य विषयगत क्षेत्रमा पनि वहन क्षमताको अभिवृद्धि गर्छ जसबाट मानवीय र आर्थिक क्षति घटाउन सघाउ पुग्दछ। यसको मतलब जोखिम न्यूनीकरणकोदृष्टिले उत्थानशिल पूर्वाधारमा गरिने लगानी बहुप्रभावी हुन्छ। समर्पित वित्तीय संयन्त्र एवम् जोखिम हस्तान्तरण संयन्त्रका अलावा विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्य योजनाको सफलताका लागि सरोकारवालाहरू बीच समन्वय, सहकार्य र श्रोतसाधन र जानकारीको साझेदारी महत्वपूर्ण हुन्छ।